जनसंख्याका आधारमा थारुको प्रतिनिधित्व हुनुपर्छः सांसद डगौरा | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ •अंक २९८ • २०८१ साल चैत १३ गते बुधवार (26 March, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सत्ताधारी दलको बैठकमा उपेन्द्र यादव अनुपस्थित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ताधारी दलहरूको बैठकमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव उपस्थिति भएनन् ।

बालुवाटारमा मंगलबार बसेको बैठकमा जसपा नेपालका अध्यक्ष यादव सहभागी नभए पनि संसदमा विचाराधीन विधेयकको विषयमा छलफल भएको स्रोतले जनाएको छ ।

सत्तापक्षीय दलहरुले संसदमा विचारधीन विधेयकलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउने अनौपचारिक निर्णय भएको श्रम, रोजगार तथा सामाजिकमन्त्री शरतसिंह भण्डारीले जानकारी दिए ।

उनले सो बैठकमा भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक सहमति जुटाउनेलगायत समसामायिक विषयमा छलफल भएको बताए ।

'कार्यव्यस्ताका कारण जसपा नेपालका अध्यक्ष यादव अनुपस्थित भएपछि बैठकले खासै गति नलिएको उनको भनाइ छ ।

जसपा नेपाल अध्यक्ष उपेन्द्र यादवले व्यस्तता रहेको भन्दै सत्तापक्षीय बैठकमा सहभागी हुन नसकेको जनाएका छन् ।

जसपा नेपालका अध्यक्ष यादव सत्तापक्षीय बैठकमा नआए पछि प्रधानमन्त्री ओली अर्कै कार्यक्रममा व्यस्त थिए । करिब एक घन्टा ढिलो बालुवाटार फर्केपछि सत्ता गठबन्धनको निर्धारित बैठक अनौपचारिक छलफलमा परिणत भएको थियो ।

मंगलबार अपराह्न बस्ने भनिएको बैठकका लागि यादवलाई खबर गरिएको थियो, तर पछिल्लो समय उनी सत्ता गठबन्धनसँग असमति जनाउँदै आएका छन् ।

सो बैठक स्थलबाटै अध्यक्ष यादवसँग अनौपचारिक संवाद भएपछि बुधबार बिहान ११ बजे फेरि बैठक बस्ने सहभागी नेताहरूले बताए ।

नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले सत्ता गठबन्धनको बैठक एजेन्डामै प्रवेश नगरी रोकिएको बताइन् ।

### मोवाइलमा म्यासेज पठाएर प्रदेशसभा बैठक स्थगन

# छानबिन समिति बनाउनु पर्नेमा विपक्षी दलहरु कायमै, सत्तापक्ष संसद छल्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्वदलीय बैठकमा सहमति नभएपछि पूर्व निर्धारित सत्तागठबन्धनको सहमति अनुसार सभामुख रामचन्द्र मण्डलले सभासदहरुलाई मोवाइलमा सन्देश पठाएर बैठक स्थगनको सूचना दिएका थिए ।

विपक्षी दलहरुले भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवसमेत सरकारको छानबिन गर्न उच्चस्तरीय समिति गठनको अडान नछाडेपछि सभामुख मण्डलले सोभ्कै अर्को सूचना नहुञ्जेलसम्मका लागि बैठक स्थगन गरिएको सन्देश जारी गरे ।

सर्वदलीय बैठक मंगलबार बिहान ८ बजे र प्रदेशसभाको बैठक बिहान ११ बजे बोलाइएको थियो । सभामुख मण्डलले बैठक सञ्चालन गर्न अगावै अनिश्चितकालसम्मका लागि स्थगनको सूचना जारी गर्नु गलत भएको प्रमुख प्रतिपक्षी दलका नेता समेत रहेका पूर्वसभामुख सरोज कुमार यादवले बताए ।

'प्रदेश सभाको बैठक सञ्चालन गरेपछि अवरोध हुँदा स्थगन गर्ने सूचना दिनुपर्थ्यो' उनले भने, तर सभामुखजीले सत्ता गठबन्धनको साथ मिलेर भ्रष्टाचारीलाई जोगाउने काम गर्नुभएको छ । उच्चस्तरीय छानबिन समिति गठन नभएसम्म बैठक चल्न नदिने उनले बताए ।

प्रदेश सभाको गत आइतबार बसेको बैठकमा विपक्षी दलहरुले उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै सदन अवरुद्ध गरेका थिए । त्यसपछि मुख्यमन्त्री सतीशकुमार सिंहले सोमबार गठबन्धन दलमा छलफल गर्ने समय लिएका थिए । प्रदेश सभाको



बैठक मंगलबार बोलाइए पनि अनिश्चितकालका लागि स्थगन गर्ने मुख्यमन्त्री सिंह र सभामुख मण्डलबीच सोमबार नै सहमति भइसकेको स्रोतले जनाएका छन् ।

सत्तागठबन्धन दलका नेताहरुले उच्चस्तरीय छानबिन गठनको अडान विपक्षी दलहरुले नछाडे विगतको छानबिन समितिको प्रतिवेदनमा दोषी देखाइएका जनता समाजवादी पार्टी(जसपा) नेपालका सभासद समेत रहेका तत्कालीन अर्थमन्त्री सञ्जयकुमार यादव र माओवादी केन्द्रकी सभासद समेत रहेकी तत्कालीन पर्यटन मन्त्री सुनिता यादवको पद धरापमा पर्ने धम्की दिन थालेका छन् ।

उच्च स्रोतका अनुसार देशमा ठूलो राजनीतिक उथलपुथल नभए चैत २६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सभालाई सम्बोधन गर्ने कार्यक्रम निश्चित भएको छ । त्यस अगावै सभामुखलगायत सत्ता गठबन्धन दलहरुले प्रदेश सभाको बैठकलाई सुचारु गर्नुपर्ने बाध्यता देखिन्छ ।

सदनलाई छलेर धेरै दिनसम्म सरकार भाग्न नसक्ने नेकपा माओवादी संसदीय दलका नेता समेत रहेका पूर्वमन्त्री भरत साहले जनाएका छन् ।

सर्वदलीय बैठकमा सत्तापक्षले आरोपित मन्त्री र मुख्यमन्त्रीलाई बोल्न दिनुपर्ने प्रस्ताव राख्दा पहिले छानविन समिति गठन हुनुपर्ने हाम्रो अडान सुन्ने बितिकै मोवाइलमा सन्देश पठाएर स्थगन गरिएको उनले बताए ।

सर्वदलीय बैठकमा सहमति नभए लगतै सदन स्थगनको सूचना जारी गरी सभामुख काठमाण्डु गएका छन् । सभामुख मण्डलले बैठक सञ्चालनका लागि सत्ता गठबन्धन दलका नेताहरुलाई अनुकूल बनाउने प्रयास समेत नगरेको आरोप लगाइएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्री यादवलगायतका केही मन्त्रीले विकास निर्माणको योजनाहरु अग्रीम रकम लिएर बिक्री गरेको आरोप लाग्दै आएको छ । त्यसको उच्चस्तरीय छानबिन हुनुपर्ने विपक्षीहरुको अडान छ । तर सरकारले बैठक नै स्थगन गराएर संसद छल्न खोजेको आरोप विपक्षीहरुले लगाएका छन् ।

प्रधानमन्त्री ओलीले प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने कार्यक्रम स्थगन भए चैत महिनाभरि बैठक नबोलाउने सरकारको चाहना अनुसार सभामुखले सहयोग गरेको विपक्षीहरुले जनाएका छन् ।

प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगन भएसँगै योजना बिक्रीको कार्यलाई तीब्रता दिइएको छ । मधेश प्रदेशका आठवटै जिल्लाका पूर्वाधार विकास कार्यालयको काम बिक्री भएका योजनाहरुको इस्टिमेट गर्ने मात्र रहेको छ ।

सत्तागठबन्धनमा रहेको दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसका नेताहरुबीच योजना बाँडफाँटमा सहमति भएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले कांग्रेसलाई योजना दिने सहमति सत्तासीन दलका नेताहरुको बैठकमा सहमति भएको छ । अर्थमन्त्री सुनिल रायले भौतिक पूर्वाधारको रोकेको योजनाहरु खुल्ला गर्ने बताइएको छ ।






# एसईई परीक्षार्थीबाट हजारभन्दा बढी मोवाइल बरामद, ६ निरीक्षक माथि मुद्दा

**टुडे समाचारदाता**

रौतहट । रौतहट स्थित जारी माध्यमिक शिक्षा परीक्षा (एसइई) मा फेरि चिट चोर्न प्रयोग गरिएको ४७३ थान मोबाईल अनुगमन समितिले नियन्त्रणमा लिएको छ । मंगलवार विहान ८ बजेदेखि परीक्षा सञ्चालन भएपछि जिल्ला सदरमुकाम गौर लगायतका परीक्षा केन्द्रमा परीक्षार्थीहरुले शरीरमा लुकाई छिपाई परीक्षा हलभित्र लागेको ४७३ थान मोबाईल चेकजाँचको क्रममा टोलीले बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताएका छन् । हालसम्म परीक्षार्थीले चिट चोराउने उद्देश्यले लागेको १७०६ थान मोबाईल बरामद गर्नुका साथै परीक्षाको मर्यादा विपरीत गरेका ६ जना निरीक्षक लाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताएका छन् ।



निरीक्षकहरु माथि परिक्षाको मर्यादा उल्लंघन सम्बन्धी कसुरमा मुद्दा दायर गरिएको एसपी घिमिरेले बताएका छन् । बरामद सबै मोबाइल प्रहरीको नियन्त्रणमा रहेको तथा मोबाईल सम्बन्धी पछि निर्णय हुने उनले जानकारी दिएका छन् । विगतमा न्याय नपाए गोर्खा जानु एसएलसी परीक्षा पास गर्नु छ भने रौतहट जानु भनेर सिङ्गो जिल्ला बदनाम भएको थियो । एसएलसी बाट एसईईमा परिणत भएपछि पछिल्लो बदनामी प्रायः हटेको थियो । तर गत वर्ष देखि एसईई परीक्षामा पनी पुरानै ढाँचा देखिएको छ । यहाँ केही शिक्षक तथा सहयोगीहरु वाट्सएप ग्रुप बनाएर परीक्षामा चिट चोराउने गरेको कारण जिल्लामा परीक्षार्थीहरुले मोबाईलको प्रयोग गरिरहेका छन् । गत वर्ष एसईई परीक्षामा प्रहरी तथा अनुगमन टोलीले झण्डै २ हजार मोबाईल बरामद गरेको थियो। परीक्षा सम्पन्न भएको करिब १ हप्ता पछि बरामद उक्त मोवाइलहरु नजिकको प्रहरी यूनिट मार्फत सम्बन्धित विद्यार्थीलाई फिर्ता गरेको थियो ।

गत वर्ष चिट चोराउने उद्देश्यले परीक्षा हल भित्र लागिएको मोवाइल सेट प्रहरीले सहजरुपमा विद्यार्थीलाई फिर्ता गरेकै कारण यस पटक मोवाइलको प्रयोग बढेको स्वयं शिक्षकहरूको भनाइ रहेको छ ।

अर्को तर्फ विषयगत शिक्षक नभएकै कारण बाध्यतावस विद्यार्थीले चिट चोराउने गरेको कतिपय शिक्षकहरूको भनाइ रहेको छ । तथापि राज्यले मर्यादित परीक्षा सञ्चालन गराउनुका साथै विषयगत शिक्षकको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ ।

# प्रादेशिक अस्पताल गौरमा १०० बेडको स्तरोन्नति

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेशमै उत्कृष्ट गौर प्रादेशिक अस्पताल १०० बेडमा स्तरोन्नति भएको छ । कार्य सम्पादनसंगै उपचारका लागि आउने बिरामीको संख्याको आधारमा प्रादेशिक अस्पताल गौरलाई ५० बेडबाट १०० बेडमा स्तरोन्नति गरीएको हो ।

अस्पतालको लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने प्रस्तावमा प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय अनुसार १०० बेडको अस्पताल स्तरोन्नति तथा सञ्चालनको स्वीकृति प्रदान गरिएको मन्त्रालयको पत्रमा उल्लेख गरिएको छ ।

५० बेडबाट १०० बेडमा स्तरवृद्धि अस्पतालको क्षमतामा वृद्धि हुनुले विगतदेखि बिरामीहरूले पाउँदै आएको सेवा सुविधामा थप सुधार हुने अपेक्षा गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष महमद अनवर हासमिले जनकपुर टुडे लाई बताएका छन् ।

प्रादेशिक अस्पतालमा थप विशेषज्ञ डाक्टर र स्वास्थ्यकर्मी, पूर्वाधारमा, सुधारसहित थप उपकरण र सुविधा सम्पन्न भवनहरूमा बिरामीको स्वास्थ्य सेवामा महत्वपूर्ण सुधार ल्याउने समितिका अध्यक्ष हाशमीले जानकारी दिए ।



स्तरवृद्धि अस्पतालको विकास र सुधारको लागि एउटा महत्वपूर्ण कदम हो, यसले गौर क्षेत्रका जनतालाई अझ राम्रो स्वास्थ्य सेवा प्रदान गर्ने तथा उपचारको लागि हजारौँ रुपैयाँ खर्चेर बाहिर जानुपर्ने बाध्यता हटेको मेडिकल सुप्रिटेन्डेन्ट डाक्टर मुरारी ठाकुरले विश्वास लिएका छन् ।

यस अघी सदरमुकाम गौर स्थित प्रादेशिक अस्पताल गत माघ महिनामा मधेश प्रदेश मै उत्कृष्ट बनेको थियो भने देशको टपटेन अस्पतालको सूचीमा पर्न सफल भएको थियो ।

मधेश प्रदेश स्वास्थ मन्त्रालय अन्तर्गत न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अनुसार गरिएको अनुगमन निरिक्षण पछि कार्यसम्पादन मूल्यांकनको आधारमा उक्त घोषणा गरिएको थियो ।

प्रादेशिक अस्पताल गौर मूल्यांकनको आधारमा कुल ८९ प्रतिशत मार्क ल्याएर मधेश प्रदेशको ६ वटा प्रादेशिक अस्पताल मध्ये १ नम्बर र देशकै ५० बेडका २० प्रादेशिक अस्पताल मध्ये उत्कृष्ट १० मा पर्न सफल भएको थियो ।

न्यूनतम सेवा मापदण्ड कार्वान्यन कार्यक्रम अन्तर्गत प्रदेशलगायत स्थानबाट गएको अनुगमन टोलीले अस्पतालले दिइरहेको सेवा, डाक्टर स्वास्थ्यकर्मीको अवस्था, उनीहरूले बिरामी संग गर्ने व्यवहार, भौतिक पूर्वाधारको अवस्था, एम्बुलेन्स, क्यान्टिन, बिरामीको बेड, अपेरसन कक्ष, शौचालयको अवस्था, सरसफाई, अस्पतालले बिरामीलाई दिने सुविधा लगायतको मूल्यांकन गरी उत्कृष्ट घोषित गरेको थियो ।

केही समय अघिसम्म रेफरल अस्पातालको नामले परिचित भएको प्रादेशिक अस्पताल गौर समितिका अध्यक्ष हासमी, मेडिकल सुरिटेण्डेण्ट डाक्टर ठाकुरको नेतृत्वमा कार्यरत सम्पूर्ण डाक्टर, स्वास्थ्यकर्मी तथा सम्पूर्ण कर्मचारी अहोरात्र खटेर छुट्टै पहिचान कायम गर्न सफल भएको स्थानीयहरूले बताउँदै आएका छन् ।

यस आर्थिक बर्षको ७ महिनामा बिभिन्न जटिल अपरेसन, सघन सेवा सहित ४३ हजार भन्दा बढी बिरामीलाई उपचार सेवा दिएको अस्पताको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

# ‘विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्य नियुक्त’

काठमाण्डु । सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा ललितपुरका हितेन्द्रदेव शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को २०८१ चैत ११ गते बसेको बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचनाप्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो ।

सरकारले प्राधिकरणको कार्यकारी निर्देशक पदमा रहेका कुलमान घिसिङलाई हटाउने र सो पदमा पदमा शाक्यलाई नियुक्त गर्ने निर्णय गरेको हो । यही चैत १९ गतेदेखि २३ गतेसम्म प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा हुने थाइल्याण्डको औपचारिक भ्रमण तथा बिम्स्टेकको छैटौँ शिखर सम्मेलनमा सहभागी हुने प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत भएको छ ।

सरकारले विश्व बैंकको वित्तीय सहयोगमा सञ्चालन हुन लागेको विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजनाको लागि प्राप्त हुने ऋण सहायताको वित्तीय सम्झौता र आयोजना दस्तावेजलाई अन्तिम रूप दिन अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ । सरकारले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिको सिफारिस गर्ने उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षतामा पूर्वगभर्नर विजयनाथ भट्टराई र डा विश्व पौडेल सदस्य रहने सिफारिस समिति गठन गरेको छ ।

मन्त्रिपरिषद्ले उच्च अदालत जनकपुरबाट हेर्दै आएको वाणिज्यसम्बन्धी मुद्दा हेर्ने अधिकार उच्च अदालत जनकपुर, राजविराज इजलासमा सार्ने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासमा वाणिज्य इजलास गठन गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।

त्यसैगरी सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा



निजले तोकेको सदस्यसहित पूर्वमहान्यायाधीवक्ता खम्मबहादुर खाती, डा अर्जुनकुमार कार्की, स‍्ुवासभा र स्टेला तामाङ, गोरखा सदस्य रहने गरी सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ ।

आगामी जेठ १० गतेदेखि १८ गतेसम्म अष्ट्रेलियामा सञ्चालन हुने क्यानबेरा ‘फेलोसिप प्रोग्राम’ मा सहभागी हुन निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरलाई स्वीकृति प्रदान गरिएको छ । यही चैत १४ गतेदेखि १५ गतेसम्म पोखरामा आयोजना हुने जोइन्ट वर्किङ ग्रुप (जेडब्लुजी) अन बोडर म्यानेजमेन्टको १३ औं बैठकमा नेपालको तर्फबाट गृह मन्त्रालयका सहसचिवको संयोजकत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिइएको छ ।

सरकारले सहसचिव विन्देश्वरप्रसाद लेखकलाई नेपाली महावाणिज्यदूतावास, हङकङको महावाणिज्यदूत पदमा एक अवधिको लागि नियुक्त गर्ने, नेपाली सेनातर्फ सहायकरथी पद दुईमा बढुवा गर्ने, महासेनानी पद सातमा बढुवा गर्ने र १४ जना सहायक रथीहरूको सरुवा गर्ने सरकारको निर्णय गरेको छ ।त्यस्तै, मदन भण्डारी राजमार्ग आयोजनानिर्देशनालयलाई शान्तिनगर-प्रतापपुर सडकखण्ड निर्माणको लागि राष्ट्रिय वनको ७ दशमलव ७६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ।

म हा व ै गाउँपालिका, कालीकोटलाई प्रशासनिक भवन निर्माणको लागि शून्य दशमलव ३ हेक्टर (६ रोपनी) राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ । मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयलाई वारफालाङ्गफेदी (झटारे)- शान्तिनगर सडकखण्ड निर्माणको लागि राष्ट्रिय वनको ४ दशमलव ५५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ । मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयलाई गेरूवा सुखानी साहदत स्थल-बारफालाङ्गफेदी सडकखण्ड निर्माणको लागि राष्ट्रिय वनको २ दशमलव २१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ ।

त्यसैगरी नेपाल र थाइल्याण्डबीच हस्ताक्षर हुने नेपाल र थाइल्यान्डबीच हुने संस्कृतिसम्बन्धी सम्झौता स्वीकृत गरिएको छ । सङ्घीय मामिला तथा मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोकलाई जापानको सिजुओका प्रान्तस्थित फुजिनोमिया नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गरिएको छ ।

आगामी वैशाख २ गतेदेखि ४ गतेसम्म युएईको अबुधावीमा सञ्चालन हुने अबुधावी ‘ग्लोवल हेल्थ विक’ कार्यक्रममा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेललाई सहभागी हुन स्वीकृति दिइएको छ। सरकारले पर्यटनसम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने र कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय गरेको छ ।

खानेपानी मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत भएको छ भने जलस्रोत तथा सिँचाइ विभाग र अन्तर्गतका यान्त्रिक कार्यालयहरूको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गरिएको छ । मन्त्रिपरिषद् बाट विद्युतीय कारोबार (पहिलो संशोधन) नियमावली, २०८१ स्वीकृत भएको छ । सामुद्रिक यातायात सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न स्वीकृति दिइएको छ ।

त्यसैगरी नेपाल प्रशासन सेवा समूहीकरण (कलप्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा कर्णाली प्रदेशका कायममुकायम प्रमुख सचिव वीरेन्द्रकुमार यादवलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने र कानुन, न्याय तथा संसदीय मन्त्रालय, गृह मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको वैदेशीक भ्रमण स्वीकृत गर्ने सरकारको निर्णय रहेको छ ।रासस

# पापमोचनी एकादशी व्रत गरिँदै




काठमाण्डु । जीवनमा जानी नजानी गरेका पाप नाश गर्ने विश्वासका साथ मंगलबार पापमोचनी एकादशी व्रत गरिँदैछ । प्रत्येक वर्ष चैत्रकृष्ण एकादशीका दिन मनाइने पापमोचनी एकादशी व्रत मंगलबार भगवान् विष्णुको पूजा, आराधना गरी मनाउन लागिएको हो ।

यो एकादशीको माहात्म्य भगवान् श्रीकृष्णले महाराज युधिष्ठिरलाई र लोमस ऋषिले मान्धाता राजालाई बताउनुभएको थियो । पहिला वसन्त ऋतुका बेलामा अप्सराहरूले विहार गर्ने चैत्ररथ नाम गरेको वन थियो । त्यो वनमा च्यवन ऋषिको आश्रममा मेधावी नाम गरेका ऋषि तपस्या गरेर बस्नुभएको थियो । मञ्जुघोषा नामकी अप्सराले ऋषिलाई कामदेवको बसमा पारेर मोहित बनाउनुभयो । ऋषिको तपस्या समाप्त पार्दै आचार-विचार, तपस्या, नियम-आचरण सबै लोप बनाउनुभयो । स्वर्ग जान मेधावी ऋषिलाई बिन्ति गर्न लाग्नुभयो र ऋषि मोहमा पर्दै ‘तिमी आजै आएकी हौँ । अहिले मसँग बस र भोलि बिहान उज्यालो भएपछि जाउली’ भन्न थाल्नुभयो । ती दुवैको ५५ वर्ष, नौ महिना, तीन दिनसम्म रमण गर्दै बितेछ । अप्सराले जान्छु भनेपछि ऋषिले सन्ध्या गरुञ्जेल बस भनेको कथा विभिन्न पौराणिक ग्रन्थमा उल्लेख गरिएको सनातन विद्वत् परिषद् नेपालका सदस्य पण्डित बालमुकुन्द देवकोटाले राससलाई जानकारी दिनुभयो ।

ऋषिले ध्यान गरेर हेर्दा तिनीसँग ५५ वर्ष बितेको र आफ्नो जपतप, तपस्या, आचार, विचार सबै कर्म लुप्त भएको देखेर ‘स तां शशाप मेधावी त्वं पिशाची भवेति च’ अर्थात् तँ पिशाचिनी होइजा भनेर श्राप दिएको प्रसङ्ग रहेको देवकोटाले सुनाउनुभयो । “मञ्जुघोषाले हात जोड्दै बिन्ति गरेर हे प्रभु यो श्राप के गर्यो भने नाश हुन्छ ? भनेपछि ऋषिले चैत्र महिनाको कृष्णपक्षको पापमोचनी नाम गरेको एकादशीको व्रत गर्नाले पाप नाश हुनेछ भन्नुभयो”, उहाँले उल्लेख गर्नुभयो ।

चैत्रको कृष्णपक्षमा पापमोचनी नामको एकादशी पर्दछ । त्यस एकादशीको व्रत गर्दा समस्त पाप नाश हुन्छ भनेको सुनेर मेधावी ऋषिले पापमोचनी एकादशीको व्रत गर्नुभएको थियो । मञ्जुघोषा अप्सराले पनि व्रत गरेर श्रापबाट मुक्त भई स्वर्ग जानुभयो । मेधावी ऋषि पनि फेरि पुण्यवान् हुनुभएको कथा पनि वर्णन गरिएको छ ।

सम्पूर्ण मानवले जानी नजानी गरेका पाप नाश गर्न यो व्रत लिनुपर्ने विधान छ । यसबाट पाप नाश भई यो माहात्म्य श्रवण मात्र गर्नाले पनि एक हजार गाई दान गरेको फलका साथै धेरै पुण्य प्राप्त हुने विश्वास गरिने नातन विद्वत् परिषद्का सदस्य पण्डित देवकोटाले बताउनुभयो ।रासस


## जग्गा बिक्रीमा

ज न क पु र धा म उपमहानगरपालिका वार्ड नं. २३ विन्हीमा रहेको श्री सोनासती माईस्थान सँगै पुर्वमा रहेको भार तसम्म जाने सिक्सलाईन सडक सँगै टाँसिएको कि.नं. १७२८ (१ कठ्ठा ७ धुर) र १७३० (२ कठ्ठा २ धुर) पश्चिम मोहडा भएको जम्मा जग्गा ३ कठ्ठा ९ धुर तुरुन्त बिक्रीमा रहेकोले इच्छुक महानुभावले निम्न मोबाइलमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
९८०७६९९०६९ (कासिम)
९८०१५३७९१० (रंजित)



## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दिनसकारात्मकछ।शिक्षामाप्रगति हुनेछ। |
| वृष : | चिसोबाट बच्न उचित हुनेछ । परिवारसंग रमाइलो समय बिताउने दिन हो । |
| मिथुन : | दिन समान्य छ । साथीभाइको सहयोग मिल्नेछ । |
| कर्कट : | दिन सामान्य छ । अढैया शनि भए पनि शुभग्रहको प्रभावले सघाउनेछ । |
| सिंह : | शिक्षामा गरेको प्रयास सफल हुनेछ । |
| कन्या : | दिन सामान्य छ । ठुला व्यक्तिहरुसंगको सेवा र सहयोगको अवसर प्राप्त हुनेछ । |
| तुला : | सञ्चित धन खर्च हुने सम्भावना छ । |
| वृश्चिक : | दिन समान्य छ । स्वास्थ्यमा सुधार आउनेछ । |
| धनु : | दिन सकारात्मक छ । दैनिक कार्यहरु सहजै सम्पन्न हुनेछन् । |
| मकर : | सञ्चित धन खर्च हुनेछ । अनुत्पादक खर्च कटौती गर्नु लाभदायक हुनेछ । |
| कुम्भ : | दिन राम्रो छ । आफन्तले तपाईको प्रशंसा गर्नेछन् । |
| मीन : | सञ्चित धन खर्च गर्ने बानीले तनाव सिर्जना गर्न सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भैँसी चराउन हिँडेका स्थानीय गोठाला। पशुपालन स्थानीय यदुवंशी यादव समुदायको पुर्ख्यौली पेशा हो। *तस्बिर :रासस*

# विचाराधीन विधेयकलाई शीघ्र टुङ्गोमा पुऱ्याउने सत्तापक्षीय दलको निर्णय

काठमाण्डु । सत्तापक्षीय दलहरुले संसद्मा विचारधीन विधेयकलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउने निर्णय गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटरमा मंगलबार बसेको सत्ता पक्ष दलका शीर्ष नेताको बैठकमा संसद्मा विचारधीन विधेयकलाई चाँडै अघि बढाउने विषयमा छलफल भएको बैठकमा सहभागी श्रम, रोजगार तथा सामाजिकमन्त्री शरतसिंह भण्डारीले राससलाई जानकारी दिनुभयो ।

बैठकमा भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक सहमति जुटाउनेलगायत समसामायिक विषयमा छलफल भएको उहाँले बताउनुभयो ।



बैठकमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# आइएमई ग्रुप र आइएक्सआइ कर्पको लगानीमा काठमाडौं टेक्निकल स्कुल सञ्चालन

काठमाण्डु । आइएमई ग्रुप र आइएक्सआइ कर्पले संयुक्त रुपमा काठमाडौं टेक्निकल स्कुल (केटिएस) सञ्चालनमा ल्याएका छन् । रोजगार बजारमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले उक्त स्कुल सञ्चालन गरिएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले धुम्बाराहीमा मंगलबार आयोजित एक समारोहबीच सो स्कुलको शुभारम्भ गर्नुभयो । सो अवसरमा उहाँले सीप, रोजगारी, उद्यमशीलता र पुँजीको संयोजनले मात्र बेरोजगारी तथा गरिबीको समस्या समाधान गर्नसकिने भएकाले सरकारले निजी क्षेत्रसँगको साझेदारीलाई प्राथमिकतामा राखेको बताउनुभयो ।

"प्राविधिक जनशक्ति उत्पादन सरकारको प्राथमिकतामा छ, सीप विकास तथा प्राविधिक जनशक्ति उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गर्न सरकार तयार छ", मन्त्री भण्डारीले भन्नुभयो । स्वेदशमै रोजगारी, स्वरोजगारी र वैदेशिक रोजगारमा पनि सीप आवश्यक पर्ने भएकाले दक्ष जनशक्ति उत्पादनमा निजी क्षेत्रसँग सहकार्य गरी सरकार अगाडि बढ्ने उहाँले बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घ तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले सो स्कुल सञ्चालनसँगै अब आइएमई ग्रुप प्राविधिक जनशक्ति उत्पादनका क्षेत्रमा अगाडि बढेको बताउनुभयो । उहाँले सो स्कुलले हजारौं युवालाई रोजगार वा स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो ।

"नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षामा नयाँ युगको सुरुआत गर्ने लक्ष्यका साथ स्कुल स्थापना गरिएको हो । यस स्कुलले विशेषगरी रोजगारी, शिक्षा, समाज र समग्र अर्थतन्त्रमा सकारात्मक योगदान दिने हाम्रो अपेक्षा छ", उहाँले भन्नुभयो ।




काठमाडौं टेक्निकल स्कुलका अध्यक्ष मनोज पौडेलले आगामी १० वर्षमा एक लाखभन्दा बढी दक्ष जनशक्ति उत्पादन गर्ने सरकारको लक्ष्यमा स्कुलले सहयोग गर्ने बताउनुभयो । उहाँले स्कुलले युवालाई विश्वस्तरीय तालीम तथा शिक्षा प्रदान गर्ने लक्ष्य राखेको उल्लेख गर्नुभयो । केटिएसले आफ्ना विद्यार्थीलाई विश्वस्तरमै प्रतिस्पर्धा गर्न सक्षम बनाउन स्थानीय तथा राष्ट्रियस्तरका उद्योग व्यवसायका साथै अन्तरराष्ट्रिय साझेदारसँग पनि सहकार्य गर्ने अध्यक्ष पौडेलको भनाइ थियो । रासस

# क्षयरोग पत्ता लाग्ने दर अझै कम


काठमाण्डु । गत आवमा नेपालमा ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिएको अनुमान गरिएकामा जम्मा ३५ हजार मात्र पत्ता लागे । उक्त आँकडाले झण्डै आधा क्षयरोगका बिरामी उपचारको पहुँच बाहिर रहेको देखाउँछ ।

राष्ट्रिय क्षयरोग निवारण केन्द्रका अनुसार मुलुकको करिब आधा जनसंख्यामा क्षयरोग कीटाणुको सङ्क्रमण रहेको अनुमान छ । केन्द्रले केही वर्षअघि गरेको क्षयरोग 'प्रिभेलेन्स' सर्वेक्षणले नेपालमा वार्षिक ६९ हजार क्षयरोगका नयाँ बिरामी थपिने गरेको देखाएको थियो ।

नयाँ थपिने बिरामी संख्याको तुलनामा बिरामी पहिचान भई उपचारमा आउनेको संख्या कम रहेको गण्डकी प्रादेशिक स्वास्थ्य निर्देशनालयका जनस्वास्थ्य निरीक्षक ज्ञानबहादुर बिसीले बताउनुभयो । बिरामी पत्ता लाग्ने दर कम हुँदा सन् २०३५ भित्र क्षयरोग अन्त्य र सन् २०५० भित्र क्षयरोग निवारण गर्ने राष्ट्रिय लक्ष्यमा चुनौती देखिएको उहाँको भनाइ छ । "अहिले नयाँ क्षयरोग हुने दर प्रति एक लाखमा दुई सय ५० छ, सन् २०३५ भित्र घटाएर १० मा पुऱ्याउने लक्ष्य सरकारले लिएको छ", उहाँले भन्नुभयो ।

बिरामी खुल्न डराउने, लक्षणलाई सामान्य रूपमा लिने, खोजपड्तालको कमी, स्रोतसाधनको अभाव आदि कारणले क्षयरोगका बिरामी पत्ता लाग्ने दर कम रहेको जनस्वास्थ्य निरीक्षक बिसीले बताउनुभयो । क्षयरोग सङ्क्रित एउटै व्यक्तिले धेरै जनालाई सङ्क्रमण सार्न सक्ने भएकाले क्षयरोग समुदायमा फैलिरहेको उहाँको भनाइ छ। "बहुऔषधि प्रतिरोधी क्षयरोग, क्षयरोगसँग एचआइभी र मधुमेहको सहसङ्क्रमण, बसाइँसराइ, खुला सिमाना, लैङ्गिक असमानता आदि क्षयरोग निवारण अभियानमा चुनौतीका रूपमा देखिएका छन्", उहाँले भन्नुभयो, "बिरामी जति धेरै पत्ता लगाउन सक्यो उति नै छिटो क्षयरोग निवारण हुन्छ ।"

क्षयरोगका लक्षण लिएर आउने बिरामी अस्पताल र चिकित्सकको प्राथमिकतामा नपर्दा पनि बिरामी पहिचान गर्न समस्या भइरहेको उहाँको भनाइ छ । "अस्पताल र प्रयोगशालाका स्वास्थ्यकर्मीलाई क्षयरोगसम्बन्धी तालिम




दिइएको छ, तर उहाँहरूले त्यस्ता लक्षण लिएर आउने बिरामीलाई सम्बन्धित ठाउँमा जाँच तथा उपचारका लागि नपठाउने प्रवृत्ति पनि छ", जनस्वास्थ्य निर्देशक बिसीले भन्नुभयो, "अस्पताल, छात्रावास, कारागार जस्ता जोखिमयुक्त स्थलमा क्षयरोगको जाँचपड्ताल गर्न सकिएको छैन ।"

क्षयरोगका बिरामीको पहिचान र निदानका लागि समुदायस्तरमा अभियान सुरू गरिए पनि त्यो प्रयाप्त नभएको उहाँको भनाइ छ । पछिल्लो समय क्षयरोग परीक्षणका लागि सरकारी अस्पतालमहरूमा आधुनिक उपकरण भित्र्याएको उहाँले बताउनुभयो । जनस्वास्थ्य समस्याका रूपमा रहेको र मृत्युको प्रमुख कारणमध्येमा पर्ने क्षयरोग अन्त्यका लागि रोगको पहिचान, निदान, रोकथाम र उपचारलाई प्रभावकारी बनाउनुपर्ने प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो ।

> जनस्वास्थ्य समस्याका रूपमा रहेको र मृत्युको प्रमुख कारणमध्येमा पर्ने क्षयरोग अन्त्यका लागि रोगको पहिचान, निदान, रोकथाम र उपचारलाई प्रभावकारी बनाउनुपर्ने प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका क्षयकुष्ठ निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो ।

"सम्भावित लक्षण देखिएमा तुरून्त क्षयरोग परीक्षण गराउनुपर्छ, क्षयरोगका बिरामीको सम्पर्कमा आएका सबै खकार जाँच गराइहाल्नुपर्छ", उहाँले भन्नुभयो, "नियमित औषधि सेवनले क्षयरोग पूर्ण रूपमा निको हुन्छ, क्षयरोगको सम्पूर्ण उपचार निःशुल्क हुन्छ ।" फोक्सो र फोक्सोबाहेक अन्य अङ्गमा लाग्ने गरी दुई किसिमका क्षयरोग हुने भन्दै उहाँले लगातार खोकी लाग्ने, साँझपख हलुका ज्वरो आउने, खकारमा रगत देखिने छाती दुख्ने, सास फेर्न गाह्रो हुने, खानामा रूचि नहुने, शरीरको तौल घट्ने, थकान लाग्नेजस्ता लक्षण देखिएमा तुरुन्त क्षयरोग परीक्षण गर्नुपर्ने बताउनुभयो ।

एचआइभी सङ्क्रिमत र मधुमेहका बिरामीलाई क्षयरोग लाग्ने बढी सम्भावना हुने हुँदा त्यस्ता व्यक्तिले विशेष स्वास्थ्य सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ । एचआइभी सङ्क्रिमतलाई क्षयरोग लाग्ने सम्भावना ३० गुणाले बढी हुने उहाँले बताउनुभयो । पहाडी क्षेत्रमा एकजनाले १० जना र सहरी क्षेत्रमा २५ जनासम्मलाई सङ्क्रमण सार्नसक्ने उहाँको भनाइ छ। बागलुङमा मात्र गत वर्ष १० जनाले क्षयरोगबाट ज्यान गुमाएको उहाँले बताउनुभयो । सरकारी तथा निजी अस्पताल र स्वास्थ्य संस्थामा क्षयरोगको निःशुल्क उपचार हुने गरेको उहाँले बताउनुभयो ।

गण्डकी प्रदेशमा पछिल्लो आठ १६ सय ७० नयाँ क्षयरोगका बिरामी भेटिएको प्रादेशिक स्वास्थ्य निर्देशनालयले जनाएको छ । क्षयरोगबाट प्रदेशमा गत वर्ष एक सय नौ जनाको मृत्यु भएको थियो । नेपालमा क्षयरोगबाट मृत्यु हुने दर चार प्रतिशत छ । १५ देखि ६४ वर्ष उमेरमा ७२ दशमलव ५५ प्रतिशतमा १४ वर्ष उमेरभित्रका बालबालिकामा २ दशमलव ६८ प्रतिशत र ६५ माथिका २४ दशमलव ७७ प्रतिशतमा क्षयरोगको सङ्क्रमण हुने गरेको छ। क्षयरोग लाग्नबाट बचाउन बच्चालाई जन्मनेबित्तिकै बिसिजी खोप दिने गरिएको छ।

सङ्क्रमण पत्ता लागेर उपचारमा गएका बिरामी निको हुने दर ९२ प्रतिशत रहेको जनस्वास्थ्य निर्देशक विसीले बताउनुभयो । औषधि प्रतिरोधी क्षयरोगका बिरामीको उपचार सफलता ८२ प्रतिशत रहेको उहाँको भनाइ छ। फोक्सोको क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छिउँ गर्दा र थुक्दा क्षयरोगका कीटाणु श्वासप्रश्वासको माध्यमबाट स्वस्थ व्यक्तिमा सरी क्षयरोग सङ्क्रमण हुने उहाँले बताउनुभयो । "क्षयरोगका किटाणु शरीरमा प्रवेश गर्दैमा क्षयरोग लाग्दैन, रोगसँग लड्ने क्षमता कम भएका व्यक्तिलाई मात्र क्षयरोग हुन्छ", उहाँले भन्नुभयो, "कुपोषण, एचआइभी, मधुमेह आदि भएका मानिसमा क्षयरोग छिटो सर्छ।"

क्यान्सर रोक्न परीक्षण अभियान सञ्चालन गर्ने स्वास्थ्य मन्त्री पौडेलको योजनामा काठमाडौं महानगरको सहकार्य अब वीर अस्पतालमा महिलाको निःशुल्क परीक्षण हुने काठमाडौं स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सुरू गरेको परीक्षण अभियानमा काठमाडौं महानगरले सहकार्य गरेको छ।

अब महानगरसँगको सहकार्यमा वीर अस्पतालमा स्तन, पाठेघर तथा सभाइकल क्यान्सरको नियमित निःशुल्क परीक्षण हुने भएको छ। यससम्बन्धमा काठमाडौं महानगर र वीर अस्पतालबीच सम्झौता भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल र महानगर उपप्रमुख सुनिता डङ्गोलको उपस्थितिमा दुवै पक्षबीच नागरिकको निःशुल्क परीक्षणसम्बन्धी सम्झौता भएको हो।

स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले पाठेघरको मुखको क्यान्सरविरुद्ध सजगताका लागि देशैभर फागुन महिनाभर निःशुल्क परीक्षणको निर्णय गरेर कार्यान्वयनमा ल्याएका थिए। रोगको उपचारात्मक सेवामा सुधारसँगै रोग लाग्न नदिन सचेतनाका लागि यो कार्यक्रम आवश्यक रहेको भन्दै सहकार्यका लागि मन्त्री पौडेलले काठमाडौं महानगरप्रति आभार प्रकट गरे।

"स्वास्थ्य क्षेत्रमा तीन सरकार बेग्ला बेग्लै होइन मिलेर सहकार्य गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो", मन्त्री पौडेलले भन्नुभयो, "मिलेर स्तन तथा पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि काठमाडौं महानगरसँगको सहकार्य हाम्रा लागि उत्कृष्ट प्रेरणा र उदाहरण हो।" काठमाडौं महानगर उपप्रमुख सुनिता डङ्गोलले स्तन तथा पाठेघरको मुखको क्यान्सर महिलाका लागि ठूलो समस्या बनिरहेको अवस्थामा यस सहकार्यले महिलाको जीवनरक्षा हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# गुणस्तरीय शिक्षा समृद्धिको आधारशिला: पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गुणस्तरीय शिक्षा राष्ट्र समृद्धिको आधारशिला भएको बताउनुभएको छ । दिगो विकासका लागि जीवन विकास पुरस्कार, २०८१ वितरण समारोहमा उहाँले मुलुकको आन्तरिक आवश्यकता पूरा गर्न तथा अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादनका लागि व्यवहारिक, प्राविधिक र नवप्रवर्द्धनात्मक शिक्षाको खाँचो औँल्याउनुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले मुलुकमा उपलब्ध प्राकृतिक स्रोतसाधनको दिगो उपयोग गर्दै स्वदेशी उत्पादन वृद्धि तथा रोजगारीका अवसर सिर्जना गर्दै देशको अर्थतन्त्रलाई सुदृढ बनाउनु अति आवश्यक भएको धारणा राख्नुभयो । "यसका लागि प्रभावकारी व्यवस्थापन, क्षमतावान दक्ष जनशक्तिको आवश्यकता छ । नवीन सोच, आधुनिक प्रविधिको प्रयोग र व्यावसायिक क्षमता भएका जनशक्तिले मात्र उत्पादन वृद्धि गर्दै दिगो आर्थिक विकासलाई सुनिश्चित गर्न सक्छ", उहाँले भन्नुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले शिक्षा प्रणालीलाई समयानुकूल सुधार गर्दै स्रोत व्यवस्थापन र उद्यमशीलता प्रवर्द्धन गर्न शिक्षालाई उत्पादनसँग जोड्न सबै सरो कार भएकाको ध्यानाकर्षण गराउनुभयो । उहाँले एक गैरसरकारी संस्थाले अन्तरराष्ट्रिय पुरस्कारबापत प्राप्त रकमबाट यस प्रकारको पुरस्कार स्थापना गरी दिगो विकास लक्ष्य हासिल गर्न गुणस्तरीय शिक्षा प्रवर्द्धनमा पुऱ्याएको योगदान सराहनीय रहेको बताउनुभयो । पूर्वराष्ट्रपति भण्डारीले अगाडि बन्नुभयो, "नेपालले दिगो विकास लक्ष्यअन्तर्गत गुणस्तरीय शिक्षामा विशेष प्रतिबद्धता जाहेर गरेको छ । सोही लक्ष्यअनुरुप सबै नागरिकलाई समावेशी, समान र जीवनोपयोगी शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तरीय सिकाइ अवसर प्रदान गर्ने उद्देश्य राखिएको छ । तसर्थ, गुणस्तरीय शिक्षाबारे नेपालले जाहेर गरेको प्रतिबद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वयात्मक सहकार्य आवश्यक छ।"





प्रतिनिधिसभा सांसद एवं जीवन विकास समाजका संस्थापक अध्यक्ष योगेन्द्र मण्डलले देश विकास र समाज परिवर्तनका लागि सबै आ-आफ्नो ठाउँबाट जिम्मेवारीपूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष एवं पुरस्कार वितरण निर्देशक समितिका सदस्य डा महाश्रम शर्माले गुणस्तरीय शिक्षा देश विकासको आधार र पूर्वाधार भएको उल्लेख गर्दै दिगो विकास लक्ष्य हासिल गर्न व्यवहारिक र प्राविधिक शिक्षा अपरिहार्य भएको बताउनुभयो ।

पुरस्कार मूल्याङ्कन समितिका संयोजक प्राडा लक्ष्मण ज्ञवालीले पुरस्कार छनोट प्रक्रियाबारे जानकारी दिँदै देशभरबाट आवेदन मागिएकामा छोटो सूचीमा परेका विद्यालयको स्थलगत अवलोकन गरेर पुरस्कार छनोट गरिएको जानकारी दिनुभयो । कार्यक्रममा समितिका सदस्यद्वय पूर्वसचिव जनार्दन नेपाल, युनेस्को नेपालका निमित्त राष्ट्रिय निर्देशक एवं शिक्षा प्रमुख डा ध्रुवराज रेग्मी, पुरस्कार मूल्याङ्कन समितिका सदस्य राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष एवं नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष धमेन्द्र झा, धनञ्जय शर्मा, ओम शर्मा, कूटनीतिक नियोगका प्रमुख तथा विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधि, विश्वविद्यालयका प्राध्यापक, शिक्षाविद्लगायतको उपस्थिति रहेको थियो ।

तीन विधामा रु १० लाख पुरस्कार

त्यस अवसरमा गुणस्तरीय शिक्षाको सुनिश्चिता तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको प्रवर्द्धनमा उल्लेखनीय योगदान गरेबापत नगद रु १० लाख राशिको दिगो विकासका लागि जीवन विकास पुरस्कार प्रदान गरियो । नगद रु पाँच लाख राशिको सामुदायिक विद्यालय पुरस्कार मोरङको विराटनगरस्थित पोखरीया माविलाई प्रदान गरिएको छ । यस्तै, रु तीन लाख राशिको कृषि, प्राविधिकतर्फ सिन्धुलीको कमलामाइस्थित जनज्योति माविलाई प्रदान गरियो । यसैगरी रु दुई लाख राशिको शिक्षा पत्रकारिता पुरस्कार गोरखापत्रका पत्रकार प्रकृति अधिकारीलाई प्रदान गरिएको छ। रासस




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कुलमानमा राजनीति

शासकले आफू खुशी गर्ने परिपाटी उपयुक्त होइन। देशमा सरकार फेरिनु राजनीतिक गतिविधि हो । पाँच सालका लागि पूर्ण जनमत प्राप्त गर्न नसकेको अवस्थामा विभिन्न दलहरुबीच गठबन्धन गरी सरकार सञ्चालन गरिन्छ। त्यसरी सरकार सञ्चालन हुँदा त्यसको स्थिरता हुँदैन। गठबन्धनको सरकार परिवर्तन भइरहनु स्वभाविक प्रक्रिया मानिए पनि सरकारले कानुन मिचेर निर्णय गर्नु बेथितिलाई बढावा दिनु हो। सरकार फेरिनेसँगै कर्मचारीतन्त्रमा समेत ठूलो परिवर्तन देखिने गर्छ। त्यो ठिक होइन। सरकारी कर्मचारीलाई काम गर्न सरकारले वातावरण बनाइदिनु पर्छ । एउटा सरकारले नियुक्त गरेका व्यक्तिले अर्को सरकारले हटाउने परिपाटी राम्रो होइन। हुन त केही राजनीतिक नियुक्ति पाएकाहरुले सरकार परिवर्तनसँगै स्वयं नै राजिनामा दिनु पर्ने हुन्छ। सहज रुपमा राजीनाम दिनु पनि पर्छ । तर राजनीतिक नियुक्ति पाएका सबैलाई सरकारले हटाउनु पर्ने आवश्यकता नरहे पनि दलगत स्वार्थका कारण हटाइन्छ। पटक पटक भइरहने सरकार परिवर्तनले कर्मचारीतन्त्रमा समेत नकारात्मक प्रभाव परेको देखिन्छ । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिंगलाई सरकारले बर्खास्त गरेको छ। त्यसको सत्तासीन दल नेपाली कांग्रेसका कयौं नेताहरुले बिरोध गरेका छन् । कांग्रेसका दुई जना महामन्त्री सहित नेता शेखर कोइरालाले समेत विरोध गरेका छन्। उनीहरुले विरोध गरे पनि कुलमान हटाइएका छन् । गृहमन्त्री रमेश लेखकले पनि कुलमानलाई हटाउन उपयुक्त नभएको धारणा राखेको बताइन्छ । नेकपा माओवादी केन्द्र, रास्वपा, राप्रपालगायतका दलहरु पनि कुलमानको पक्षमा उभिएका छन्। कुलमान सरकारको निर्णय विरुद्ध सर्वोच्च अदालतमा जाने छन् । त्यहाँबाट हुने आदेश कुलमानको भविष्य निर्धारण गरिने छ । तर सरकारले राजनीतिक नियुक्ति पाएकालाई पूर्वाग्रही भएर हटाउनु भन्दा राम्रा काम गर्नेलाई अनुकूल वातावरण बनाइदिनु पर्छ । नेपालमा विद्युतको चरम संकट रहेको बेला कुलमानले लोडसेडिंग मुक्त गरेका थिए। त्यसक्रममा उनले पनि अनुचित लाभ लिएका होलान् ? पछिल्लो समय पनि उनले आर्थिक लाभ लिएको हुन सक्छन् ? त्यसको अनुसन्धान र कारवाहीको प्रक्रिया अलग छ । तर कुलमानलाई सरकारले बर्खास्त गर्दा राजनीतिक रुपमा मात्र विरोधको सामना गर्नु परिरहेको छैन। जनतामा पनि सरकारको प्रति नकारात्मक धारणा बनेको छ । कुलमानलाई हटाउने सरकारको निर्णय अत्यधिक चर्चामा आएको छ । राजनीतिक नियुक्ति पाएकालाई हटाउने सरकारको अधिकार क्षेत्र भित्रको विषय हो। तर पूर्वाग्रही रुपमा हटाउँदा त्यसको सन्देश सकारात्मक प्रवाह हुँदैन । एमाले र कांग्रेसको गठबन्धन सरकारले कर्मचारी हटाउने सम्बन्धी निर्णयमा विवादित बनेको छ। कुलमानको नाममा विपक्षीहरुले गरेको राजनीति जायज, नजायजको मूल्यांकन हुने नै छ। हालको समयमा कुलमानलाई हटाउन सरकारले गरेको निर्णय उपयुक्त समयमा नभएको देखिन्छ।

# बलूचले चाहेको स्वतन्त्रता र उग्रवादको ज्वालामुखीमा डुबिरहेको पाकिस्तान !



अनिल तिवारी

बलूचिस्तानमा उग्रवादले गति लिएको छ । दशकौ देखि आफ्नै नागरिक माथि पाकिस्तानी सेनाको दादागीरीलाई बिद्रोहि समूहले अहिले ठुलो चुनौती उत्पन्न गरेका छन। केहि समय यता सरकार बिरोधी पाकिस्तानका सबै आतंकवादी संगठन आपसीतालमेल बढ़ाएर आक्रमणलाई तिब्रता दिएका छन।जसले गर्दा पाकिस्तानी सेनालाई चुनौती बढाउनुका साथै पाकिस्तानलाई अस्थिरता धकेलेको छ।

केहि बर्षयता बलुचिस्तानमा भडकेको उग्रवाद पाकिस्तानको लागी अशुभ हुँदै गइरहेको छ । 'रोम जलिरहेको बेला राजा निरोले बासुरी बजाइरहे'जस्तै अहिले इस्लामावादको अवस्था छ ।केन्द्रिय सरकारको घैटोमा घाम लागन सकको छैन । सबैभन्दा ठूलो प्रान्त बलुचिस्तानको अवस्थाप्रति पाकिस्तानी सरकार गम्भीरता देखाउन नसकेको गुनासा पाकिस्तानमा बढदै गएको छ।

बुलूचिस्तानमा आतकंवादको आगो पहिला देखि नै सल्किदै आएको थियो । उग्रवादको यो ज्वालामुखि दिन प्रतिदिन भयावह बन्दै गएको छ। क्षेत्रफल अनुसार पाकिस्तानको सवै भन्दा ठुलो प्रान्तको बर्तमान अवस्था कसैसंग लुकेको छैन ।पाकिस्तान मात्रै नभई पुरै वैश्वीक समाजको ध्यानकर्षण बलुचतर्फ केन्द्रि भएको छ ।पाकिस्तानी मिडिया समाचारहरु सेंसर गरिपनि अन्तराष्ट्रिय संचारमाध्यमहरुमा आइरहेको समचारले बलुचको वास्तविक्तालाई उजागर गरेको छ।

तर पाकिस्तानको राजधानीमा एउट कुरा मात्रै पहत्व राख्ने गरेको छ ,जुन हो सरकारी संस्थानहरुलाई नियंत्रित गर्नु ।पाकिस्तानका सवै सरकारी संस्थाहरु जसरी पाकिस्तान सेनाबाट नियन्त्रीत हुदै आएको छ।त्यसले सैन्य हाइब्रिडबाट चलेको पाकिस्तानी प्रजातान्त्रिक सरकारको अस्तित्व बचाउने अभियानमा लागी रहेको हुन्छ। जसको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण जनरल आसिम मुनीरको इच्छाबाट संचालीत हुने गरेको हुन्छ।

बलूचिस्तान, ख़ैबर पख़्तूनख़्वा, सिंध र पाकिस्तानको क़ब्जामा रहेको काशमीर (पिओके) बाट उठी रहेको बिद्रोहको आगोबाट पाकिस्तान खासै खबरअन्दाज हुन सकेको देखिदैन।

पाकिस्तानी मिडिया अहिले पनि बलुच भन्दा बढी चर्चा इमरान खानलाई दिने गरेका छन ।उनीहरुको समाचारको प्राथमिकता बलुचिस्तानमा लागेको डढेलो भन्दा पनि कैदि जिवन बिताइ रहेका इमरान ख़ानकै चर्चा परिचर्चामा बितने गरेको छ। इमरानले के भने ? जेलमा उनी कति कठिन जिवत बिताइ रहेका छन ? विशलेषणमा केन्द्रित हुने गरेको छ।

इमरान ख़ानले त्रिकेटमात्रै नभइ पाकिस्तानको राजनैति परिवेशमा जुन लोकप्रियता बनाएका छन,जुन नैरेटिव खड़ा गरेका छन,त्यसलाई न्यट्रलाइज गर्नेमा सरकार र सेना अल्झिएको बताइन्छ। खानको राजनैतिक क्रिया प्रक्रियामा लिइने सरकारको भावीनितिकै प्रचारबाजीमा पाकिस्तानी संचारमाध्यमहरु फोलो गरिरहेका हुन्छन।

पाकिस्तानको स्थापना देखि नै बलूचिस्तान इस्लामाबाद र लाहौरबाट टाढिदै आएको छ ।केहिबर्ष पहिलासम्म बलुचमा चलिरहेको उथल-पुथल र पहाडि एरियामा हुने बिष्फोटक घटनाबाट इस्लामाबाद खासै चिन्तित थिएन।

तरकेहि महीन यता, जमीयत उलेमा-ए-इस्लामका नेता मौलाना फ़ज़ूल-उर-रहमानले पाकिस्तानको 'नेशनल असेंबली' मा बोल्दै भने, 'बलूचिस्तानका पांच देखि सात जिल्ला आफुलाई पाकिस्तानबाट स्वतन्त्र भइरहेको घोषणा गर्ने अवस्थामा पुगी सकेका छन'र 'उनीहरुले घोषणा गरे लगतै, संयुक्त राष्ट्रसंघले पनि उनीहरुलाई अबिलम्ब नया राष्ट्रको मान्यता दिने अवस्था छ'।

मौलाना फ़ज़ूल-उर-रहमानको यो बयान पछि पाकिस्तानको जनता र सरकारी ओहदामा रहेकाहरुलाई झस्काएको छ । बलूचिस्तानमा उग्रवादको ज्वालामुखिले लिरहेको विस्फोटले खराब हुदै गएको अवस्थाबारे झस्काएको छ। हुनत , मौलानाले त्यहाको अवस्थालाई बताउने वेलामा बढिनै सेन्टिमेन्टल भएको आरोप पाकिस्तानी मिडियाहरुको छ । जसले गर्दा उनले संसदमा संयुक्त राष्ट्र संघले, बलूचिस्तानलाई स्वतन्त्रता प्रदान गर्ने कुरालाई लिएर हो।

तर, मौलाना फ़ज़्ल-उर-रहमानले संसदमा उठाएको कुरा र बलूचिस्तानको धरातलीइ अवस्था र सत्याता पनि त्यहि हो। किनकि मौलाना रहमान बलूचिस्तानलाई राम्रोसंग जान्ने बुझने धार्मिक नेताहुन । त्यसैले त्यँहा चलिरहेको सबै गतिविधिको बारे उनी राम्रो जानकार भएको पाकिस्तानमा मानिन्छ।

मौलाना फ़ज़ूल-उर-रहमान पछि 'नेशनल असेंबली'मा नेता प्रतिपक्ष उमर अयूबले पनि बलूचिस्तानको आधा दर्जन जिल्ला पाकिस्तानको पकड भन्दा वाहिर गइसकेको प्रति ध्यानाकर्षण गराएका छन ।उमर अयूबले संसदमा लिएको व्यान अनुसार यी सबै जिल्लाहरुमा पाकिस्तानको झन्डा हटाएर बलुचिस्तानको झन्डा फहराइएको छ।

### बलूचिस्तान को 'बगावत'

तसोत होइनकि, सेना नियन्त्रीत अधिकारीहरु बलूचिस्तानको खराब हुदै गएको अवस्था प्रति चिन्ता जाहेर गर्दै आएका छन । प्रधानमंत्री शहबाज़ शरीफका निजि सल्लहकार मध्येएक पूर्वगृहमंत्री राना सनाउल्लाहले पनि बलुचबारे सरकारलाई चेतावनी दिएका थिए । हथियारधारी संगठनहरु पहाड़हरुको तल आएर बलूचिस्तान माथि आफ्नो आधिपत्य जमाएको कुरा धेरै पहिले उनले पनि उठाइसकेका छन।

शुरुमा बलूचिस्तानबारे सरकारी अधिकारीहरु वास्तविक्ता भन्दा परम्परागत सोचमा रहदै आएका थिए। तर बलुचिस्तानका मुख्यमन्त्री सरफ़राज़ बुगतीले प्रान्तको अवस्था धेरै ख़तरनाक भइसकको भनेपछि पाकिस्तानको सरकारी चिन्ता बढाउनु स्वभाविकनै हो।

जबकि, केहिदिन वा केहिघन्टा वाहेक उग्रवादीहरु स्थायी रुपमा कुनै पनि क्षेत्रमा पकड बनाउने सकेका छैनन। बलुच उग्रवादीहरु ठुलाहाइवे,रेलवे वा हवाइअडाहरु माथि आक्रमण गरेर केहि घन्टाको लागी आफ्नो नियन्त्रणमा लिएर पाकिस्तानी सेना लगायत सरकारी सुरक्षाबललाई ठुलो प्रतिघात गर्दै आएका छन।

जसले गर्दा पाकिस्तानी सेनामा डरको मनोबिज्ञान स्थापित गरेको छ । जसलाई जिम्मेवार प्रशासक हल्करुपमा लिनु पाकिस्तानको ठुलो घाटाको कुरा हुने निश्चित छ।

बलूचउग्रवादिद्वारा क्रमश 'एक पछि अर्को' गरिएको



कतिपय ठुलो हमलाले पाकिस्तानी सरकार र सेनालाई ठुलो झट्का दिएको छ। सरकार र जरजर बन्दैगएको पाकिस्तानी अर्थतन्त्रलाई यसले गहिरो घाउ दिएको छ।

उग्रवादिय संगठनहरुले गर्दै आएको ठुलो आक्रमणले गर्दा मुलुकमा अनिश्चितता बढाएको छ । जसले मूलभूत ढांचा र बलुचमा चलिरहेका विकास तथा खनन परियोजनाहरुमा गरिएको विदेशी निवेश जस्ता आकर्षित र महत्वाकांक्षी योजना माथी ठुलो चुनौती उत्पन्न गरेको छ।

समय परिस्थितिलाई मध्यनजर गरेर स्थानिय चार उग्रवादी संगठन बलूच लिबरेशन आर्मी (बिएलए), बलूचिस्तान लिबरेशन फ्रंट (बिएलएफ), बलूचिस्तान रिपब्लिकन गार्ड (बिआरजी) र सिंधुदेश रिवोल्यूशनरी आर्मी (एसआरए) को संयुक्त संगठन बलूच राजी आजोई संगार (बिआरएएस)को एकीकृत कमानमा एक बलूच नेशनल आर्मी बनाउने घोषणा गरिएको छ ।यसले बलूचिस्तानको स्वतन्त्राको लागी 'अलग अलग सानातिना हमला गर्नुभन्दा पनि सांगठित भएर निर्णायक लडाइ र हमला गर्ने' उदघोष गरेका छन।

जसले पाकिस्तान र त्यसको सबै भन्दा ठुलो संरक्षक चीनको बिरोधमा युद्धको संखघोष गरेको छ। आक्रमणलाई आक्रामक बनाउनुका साथै गुरिल्ला अभियानलाई बढि घातक बनाइने कुरालाई तिब्रता दिइएको छ। पाकिस्तान र चीनलाई ठुलो धक्का दिनको लागी बिआरएएसले निर्णय नै गरको छ। जसमा 'बलूचिस्तानका सबै प्रमुख राजमार्गलाई नाकाबंन्दी गर्ने र बाहिरबाट आएर माथि क़ब्ज़ा जमाउनुको साथै बाहिरि आवागमनलाई निषेध गरिएको छ । साथै सरकारी 'आर्थिक र सैन्य' हितका सवै गतिविधिलाई चोट पर्याउने निति आक्रमणकारीहरुको रहेको छ।

### पाकिस्तानमा उग्रवादको नया लहर

यता आएर केहि उग्रवादी अक्रमणले पाकिस्तानी सुरक्षा बललाई ठुलो क्षति पुर्याएको छ । फरवरीको शुरुआतमा उग्रवादिले कालातमा सेनालाइ लिएर गइरहेको गाडि माथि घातक लगाएर आक्रमण गरेका थिए। जसमा पाकिस्तानका १७ सैनिक मारिएका थिए । त्यसको दुइ सात्ता नबित्दै मन्द इलाकामा पाकिस्तानी सेनाको एउटा चौकी र एउटा काफिला माथि गरिएको हमलामा पुन १७ पाकिस्तानी सैनिक मारिएका छन।

उग्रवादिहरुले हरनाइको खदानको लागी लिएर गइरहेको मजदुर बसलाई निशाना बनाएका छन। जसमा ११ जनाको मृत्य भएको छ । यसो त पाकिस्तानी मीडियाले उग्रवादिद्वारा चलाइएको फिरौती रैकेटबाट गराइएको घटना बताए छन । तर ,बिद्रोहिहरुले यसलाई पाकिस्तानको बरोधमा गरिएको आर्थिक हमला भएको जनाएका छन।

उनीहरुले बलूचिस्तानको संशाधन माथि पंजाबद्वारा गरिदै आएको दोहनको बिरोधमा आक्रमण गरिएको बताएका छन । जसले गर्दा यो हमलालाई उनीहरुको सिद्धांतमा जायज ठहर गरिएको छ।

यसैगरी बलूचिस्तानमा बसिरहेका पंजाबी कारोबारी र आममानसलाई निशाना बनाउनु कुरालाई उचित बताउदै सबै सरकारी जासूस र तिनका सहयोगीलाई समय अनुसार कार्यवाहि गरिने कुरा जायज बताएका छन । यसलाई पाकिस्तानी सत्ताको बिरोध चलाइने बलूच आजादीको हिस्सा भनिएको छ।

बलूच उग्रवादिहरुले सबै भन्दा भयानक हमला अगस्त २०२४मा गरेका थिए । त्योबेला उनीहरुले अ'परेशन हेरोफ नामले सुरु गरेका थिए। यो अ'परेशनको समयमा बलूचिस्तानको पहाडी एरियामा आपसी तालमेलका साथै ९०० भन्दा बढी अक्रमणमा गरिएको थियो।

जसको अधिकांस आक्रमण बलूचिस्तान लिबरेशन आर्मी, बलूचिस्तान लिबरेशन फ्रंट र बिआरएएसको झन्डा मुनि भएको थियो । उत्तरी बलूचिस्तानका पठानहरुको पकड भएको जिल्ला बाहेक बलूच उग्रवादी, पहाडि भ्यालीहरुका सबै जिल्लाहरु सक्रिय भइसकेका छन।

बलूचिस्तानमा पहिला चलाइएका उग्रवादी अभियानको तुलनामा अहिले धेरै फरक देखिएको छ। पहिलाको लडाइए केहि जिल्ला र कबिलाहरुमा मात्रै सिमित हुने गरेको थियो। तर अहिले उग्रवादको आगो पुरै बलूचिस्तान प्रान्तमा लागेको छ। यसले सबै क़बीलाई, भाषाई र लैंगिक विभेदलाई अन्त गरेको छ।

बलुचिस्तानका सबै महत्त्वपूर्ण राजमार्गहरूमा नाकाबन्दीलाई तीव्र बनाउने निर्णय गर्यो । गत जनवरीमा झण्डै १०० विद्रोहीले केही घण्टासम्म आक्रमण गरी कब्जामा लिएका थिए। दक्षिण एसिया टेरोरिज्म पोर्टलले संकलन गरेको तथ्याङ्क अनुसार सन् २०२५ को पहिलो नौ हप्तामा ७० वटा घटना भइसकेका छन् । जसमा ६६ विद्रोही/चरमपन्थी र त्यसको तुलनामा करिब १३५ पाकिस्तानी सुरक्षा बलका कर्मचारी मारिएका छन् ।यसले बलुचिस्तान समस्याको विशालतालाई प्रतिबिम्बित गर्दछ। यी विद्रोही आक्रमणहरू मध्ये केहीले पाकिस्तानी सुरक्षा बलहरू गम्भीर क्षति पुर्याएको छ।

बलुच विद्रोहीहरूले उग्रता, तीव्रता र संगठनात्मक क्षमताको हिसाबले मात्र नभई आफ्नो पकडलाई पनि बढाउदै अगाडि बढेका छन । पाकिस्तानी राज्य– जुन पाकिस्तानी सेनाको लागि प्रयोक्ति हो, प्रभावकारी रूपमा प्रतिक्रिया दिन सकेको छैन।

बलुच प्रति सरकारी प्लेबुक उही पुरानो दशकको छ ः क्रूरता बढाउनु, आदिवासी सरदारहरूलाई प्रयोग गर्ने, जनतालाई ब्रोबिट गर्नुका साथै मिडियामा कडा दबाव राख्दै जानु छ । पाकिस्तानी सेना आफ्नो दमनकारी शासन बलुचमा जति दोब्बर हुन्छ, त्यति नै यसले बलुच जनतालाई सरकारबाट टाढा धकेल्ने निश्चित छ ।परिणमस्वरुप शिक्षित मध्यमवर्गका महिला र युवाहरू सहित भर्तीमा होमिएका विद्रोही समूहहरूको दायरा बढदै गएको छ।

जहिले पनि भारतबाट ठुलायुद्ध हारेको अनुभवका साथ पाकिस्तानी सेनाले अनुमानित प्रतिक्रिया दिने गरेको छ । यसले विश्वविद्यालयहरूमा छापा मार्ने र बलुच विद्यार्थीहरूलाई अपहरण गर्ने, उनीहरूलाई अवैध हिर ासतमा राख्ने र कतिपय अवस्थामा उनीहरूलाई मारे पछि सडकछेउ वा जंगलमा शव फाल्ने गरेको छ।

यस वर्षकोसुरुका केही हप्तामा २५० भन्दा बढी विद्यार्थी बिश्वविद्यालयहरुबाट बेपत्ता भएका छन् । यो जबरजस्ती बेपत्ता मुद्दाले पाकिस्तानी राज्यविरुद्ध ठुलोघृणा र अलगावबादलाई झन उत्प्रेरित गरेको छ । बलुच जनमतलाई पाकिस्तान सरकारको बिरोधमा परिचालन गर्न यस्ता धेरै आधारस्तम्भ पाकिस्तानी सेनाले खडा गर्दै आएको छ।

जारी क्रूर दमन बाहेक, पाकिस्तानी सेनाले अहिले अनाक्रोनिस्टिक रणनीतिहरू प्रयोग गरेर कथात्मक खेललाई मंचन गर्ने अभियान सुरु गरेको छ। उदाहरणका लागि, केहि अधिकारी प्रायः एक 'आत्मसमर्पण गरिएको लडाकू ' परेड गर्छन् । जसबारे एक अनुमानित कथा सुनाउँछन् - कमाण्डरहरूलाई लोभको आरोप लगाउँछन्, भारतले उनीहरूलाई पैसा दिएको दाबी गर्छन्, र उनीहरूले बलुच हितहरू विरुद्ध काम गर्छन् भनी दाबी गर्छन् । त्यसपछि पाकिस्तानी मिडियाले यी कथाहरूलाई विस्तार पुर्वक खेलाउने गर्छ।

तर पञ्जाबका मानिसहरू बाहेक अरू कसैले पाकिस्तानी सेनाको यो डिसइन्फर्मेसन विंगले बेचेको कुरा किनिरहेका छैनन् । त्यसैगरी, पाकिस्तानी सेनाले आक्रमणलाई पन्छाउन वा विद्रोही लुकेको ठाउँमा आक्रमण गर्ने कार्यलाई पनि अतिरंजित र प्राय ः पूर्णतया काल्पनिकताका साथ गरिएको दावीले खासै प्रभावित पाउन सकेको छैन।

धेरैजसो अवस्थामा, पाकिस्तानी सेनाले काल्पनिक संख्यामा विद्रोहीहरूलाई मारेको देखाउनको लागि मात्र यो लडिरहेको छ, जुन आउने समयको लागी कडा बन्दै गएको छ।

बिआरएएसले आफ्नो संगठनको पुनर्संरचना गर्ने र यसको सञ्चालनलाई तीव्र पार्ने घोषणाले बलुचिस्तानको सङ्घर्ष निर्णायक चरणमा प्रवेश गरेको विद्रोहीहरूको विश्वास छ । राजनीतिक कथामा बलुच याक्भेटी काउन्सिलका युवा नेताहरू, जस्तै अदम्य महराङ बलोच, सामी दीन बलोच र अन्य सदस्यहरूले प्रान्तभरि व्यापक विरोधको नेतृत्व गरिरहेका छन्।

विधान सभाका सदस्यहरू र प्रान्तमा 'निर्वाचित ' सरकार राजनीतिक व्यक्तिहरुलाई बलुचका जनता राजनैतिक सुँगुरबनेको संज्ञा दिने गरेका छन्। जो सत्तामा छन् ,उनीहरूलाई पाकिस्तानी सेनाले बलुचिस्तानका जनता माथि फसाएर प्रजातान्त्री प्रतिकको रुपमा उभ्याएको छ। बलुचिस्तानमा राजनीतिक र लोकतान्त्रिक प्रक्रियाहरू अनावश्यक भएका छन्। किनभने त्यहाका नेताहरु जनमत भन्दा पनि तिनीहरू पाकिस्तानी सेनाद्वारा पूर्ण रूपमा सम्झौता र धाँधलीबाट स्थापित भएका छन् । ती सबैले स्वतन्त्रता समर्थक आवाजहरूको कथामा फीड गर्दछ।

सैन्य रूपमा, बलुच विद्रोहीहरूले जटिल आक्रमणहरू समन्वय गर्ने आफ्नो पहुँच, क्षमता र क्षमता प्रदर्शन गरेका छन्। पाकिस्तानको २५ करोड जनसत्र्याको ५ प्रतिशत भन्दा कम हिस्सा भएकाले बलुचहरूले जनमतबाट अधिकार पाउने कुरै भएन।

तर विद्रोहीहरूले पाकिस्तानी राज्यविरुद्ध जित्नको लागि आवश्यक महत्वपूर्ण जनसत्र्या रहेको विश्वास गर्छन् । खैबर पख्तुनख्वा प्रान्तमा भएको उग्र तालिबान विद्रोह र बलुचिस्तानको पश्तून बेल्टले पाकिस्तानी सेनालाई रगत बगाएको कारण तिनीहरूको सरासर संख्याको कमी छ। यसमा अफगानिस्तान र पाकिस्तानमा तालिबान शासनबीचको सम्बन्धमा तीव्र गिरावट थपिएको छ । तालिबानले बलुचहरूलाई ठाउँ दिइरहेको देखिन्छ किनकि यसले उनीहरूलाई पाकिस्तान माथि निश्चित लाभ दिन्छ, जसलाई उनीहरूले इस्लामिक इमिरेट्सलाई कमजोर पार्न इस्लामिक स्टेट खोरासान (आईएसके) सँग फ्लर्ट गरेको शंका गर्छन्। इरानको सिस्तान-बलुचिस्तान प्रान्तको अवस्था पनि पाकिस्तानमा बलुच विद्रोहीका लागि अनुकूल साबित भइरहेको छ।

बलुच स्वतन्त्रता सेनानीहरूले गरिरहको एक माथि अर्को आक्रमणले उनीहरुको साहसलाई बढाएको छ । उनीहरुले चलाऐको उग्रताले विष्फोटको ज्वालामुखिमा पर्याएको प्रान्तीय अस्थिरतालाई सम्बोधन गर्न पाकिस्तानको पूर्ववर्ती दृष्टिकोणले काम गरिरहेको छैन। जसले गर्दा पाकिस्तानी सेनाका लागि सीमित विकल्प बाहेक केहि उपलब्ध छैन । बलुचिस्तानमा भडकिएको यो यो पाँचौं विद्रोह विगत २५ वर्षयता सबै भन्दा ठेलो देखिएको छ। पाकिस्तानी सेनाले बलुचिस्तानमा जलेको पृथ्वी स्टीमरोलर अपरेशन गर्ने निर्णय पनि गर्न सक्छ। अपरेशनको राजनीतिक, सैन्य र कूटनीतिक परिणामहरू व्यवस्थापन गर्न विनाशकारी साबित हुन सक्छ।

तेस्रो विकल्प मेलमिलापको प्रयास गर्नु हो। तथापि, यो पाकिस्तानको पञ्जाबी सैन्य अभिजात वर्गको बौद्धिक क्षमतालाई चुनौति हुने निश्चित छ। जसले गर्दा अर्को पंजाब बिद्रोह पाकिस्तानबाट बाहिर जाने लामो र कठिन बाटो अपनाउने नै हो। किन भने यसले पाकिस्तानको शासक वर्गको औपनिवेशिक नियन्त्रण विरुद्ध लडाकु युद्धलाई स्थापित गर्दछ।

तर पाकिस्तानले जुनसुकै नीति अपनाए पनि बलुचिस्तानको अवस्था निकट भविष्यका लागि भरिपूर्ण रहनेछ । बलुचिस्तानले दासत्वको 'बन्धनहरू (इमरान खानको उत्तेजक वाक्यांश प्रयोग गर्न) हल्लाउने सूचनाहरू अत्यधिक समयपूर्व र अत्यधिक आशावादी हुन सक्छ। आउने समयको लागी बलुचिस्तान पाकिस्तानको घाँटीमा अड्किएको हड्डी जस्तै बन्दै गएको छ । जसलाई नतनिष्कासन गर्न सकिन्छ नत निल्ननै सकिन्छ। स्वतन्त्रको लागी उनीहरुको संघर्ष क्रमश ज्वालामुखी बन्दै गएको छ।

# जनकपुरधाम धार्मिक स्थल कि फोहोरको स्थल?

ऋषिकेश यादव

प्राचिन कालमा जनकपुरधाम मिथिलाको राजधानी थियो। जनकपुरलाई राजा जनकको भूमि भनेर पनि चिनिन्छ। जनकपुर एक धार्मिक स्थल हो। जनकपुरमा यस्ता धेरै चर्चित मन्दिरहरु छन् तर जानकी मन्दिरलाई विशेष गरेर भारतबाट होस् या नेपाल कै अन्य भूभागबाट धेरै मानिसहरु घुम्न वा दर्शन गर्न आउछन्।

जनकपुर धार्मिक स्थल भएको हुनाले स्थानीय सरकारले वा यहाँको स्थानीय बुद्धिजीवीले जनकपुरको सरसफाइमा पनि ध्यान दिनु पर्छ। चुनावमा आफ्नो एजेन्डा जनकपुर एउटा धार्मिक स्थल हो र यहाँ सरसफाइलाई विशेष ध्यानमा राखेर जानु पर्छ भनेर त चुनाव त जिते तर सरसफाइको वाचा भने पुरा गर्न सकेको छैन । धार्मिक स्थल



फोहोर हुनु भनेको जनकपुर फोहोर हुनु हो। होटलबाट निस्केको फोहोर, अस्पतालबाट निस्केको फोहोर वा घरबाट निस्केको फोहोर मानिसहरूले सडकमै फाल्दिन छन्। बाह्यविग्हा नजिकै रहेको प्रादेशिक अस्पतालबाट निस्किने फोहोर पनि त्यही नै फाल्दिन्छ। त्यो रङ्भूमि मैदन पनि फोहोर नै हुन्छ। दिनहुँ वडा कार्यालयबाट गाडी फोहोर उठाउन आउछ तर पनि फोहोरहरु सडकमै हुन्छ। जनकपुरमा नालालाई अन्डरग्राउड गर्दिएको छ तर नाला बनाउने बेला राम्रोसँग नबनाएको हुनाले वर्षाको मौसममा नाला जाम भएर सडकमा नालाको पानी हुन्छ।

जानकी मन्दिरको मार्वल फुटि सकेको छ तर त्यो मार्वललाई फेर्नुपर्छ भने सम्बन्धित निकायलाई ध्यान छैन। जनकपुरधाममा रहेका पोखरीहरुको पनि राम्रोसँग व्यवस्थापन गर्नुपर्छ। जनकपुरलाई राम्रोसँग सफा राख्न सक्यो भने यहाँ पर्यटकहरुको आगमन पनि धेरै नै हुन्छ। सङ्घीय सांसद जुलि कुमारी महोत जि ले पनि यस कुरामा ध्यान दिनुपर्छ। जनकपुरलाई फोहोरबाट मुक्त गर्नको लागि तीन नै तहको सरकारले ध्यान दिनुपर्छ। तल दिएका बुदाहरुलाई पनि विशेष ध्यान दिनुपर्छ।

१) डम्पिङ साईटको निर्माण हुनुपर्छ।

२) पार्किङको पनि राम्रो व्यवस्था हुनुपर्छ।

३) सार्वजनिक शौचालयको पनि राम्रो व्यवस्थापन हुनुपर्छ ।

विशेषगरी जनकपुर उपमहानगरपालिकाले अझ फोहोर व्यवस्थापन बढी ध्यान दिनुपर्छ। जनकपुरलाई अब धार्मिक स्थलको रुपले मानिसहरुले चन्न थालि सके। जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरमा रहेका विभिन्न पोखरीहरुको सौन्दर्यमा पनि ध्यान दिनुपर्ने बेला भयो। जनकपुरको चर्चित पोखरीहरु जस्तै रत्नसागर,गंगासागर,धनुषा सागर दुधमती आदि सौन्दर्यमा ध्यान दिनुपर्छ। तीनवटै तहको सरकारको समन्वय चाहिन्छ।

निष्कर्षमा जनकपुरलाई सफा राख्नु हामी सबैको कर्तव्य हो । जनकपुरलाई एउटा ठाउँ मात्रै होइन अब मधेश प्रदेशको राजधानी र पर्यटकीय स्थल भनेर पनि चिनिन्छ।

# जनसंख्याका आधारमा थारूको प्रतिनिधित्व हुनुपर्छः सांसद डगौरा



काठमाण्डु । प्रतिनिधिसभाको अनुभव मेरो लागि नयाँ हो । विसं २०७९ को निर्वाचनबाट निर्वाचित भएको हो । त्यो भन्दा पहिला सांसद भएको थिइनँ । सुरुमा सङ्घीय संसद् प्रतिनिधिसभाले गर्नुपर्ने काम, कर्तव्य, अधिकारका बारेमा अध्ययन गर्न समय लाग्यो । संसदीय नियमावली अध्ययन गर्न समय लाग्यो । हामी सांसदको काम भनेको कानुन बनाउने हो । तर जनताको बुझाइ फरक छ । जनताले सांसदबाट विकास अपेक्षा गरेका छन् । विकास सांसदले होइन सरकारले गर्ने हो । त्यो कुरा जनताको बुझाइमा फरक परेको छ ।

खासगरी जनताका मुद्दालाई संसद्मा उठाउँदै आएको छु । संसद्मा उठाएका कतिपय सवाल कार्यान्वयन पनि भएको छ । प्रतिनिधिसभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्था हो । शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्नेजस्तो महत्त्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट यसले सुनिश्चित गर्दछ । संविधान केही हदसम्म कार्यान्वयन भएको छ । कार्यान्वयन हुन अझै बाँकी छ ।

शिक्षा ऐन, निजामती ऐन र प्रहरीलगायतका महत्त्वपूर्ण ऐनहरू बन्ने क्रममा छन् । सरकारले अध्यादेशमार्फत सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश-२०८१ ल्याएको छ । त्यसैगरी निजीकरण संशोधन अध्यादेश-२०८१ र आर्थिक तथा व्यावसायिक वातावरण सुधार लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०८१ ल्याएको छ । यी अध्यादेशमध्ये कतिपय विधेयक प्रतिनिधिसभाबाट पारित भएका छन् ।

महिलाको हकबाट हेर्दा पनि संविधान केही मात्रामा कार्यान्वयन भएको छ । प्रतिनिधिसभाको सवालमा धारा ८४ उपदफा ८ मा व्यवस्था गरिएको 'सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने' व्यवस्था कार्यान्वयन भएको छ । अहिले प्रतिनिधिसभामा ३४ प्रतिशत महिलाको सहभागिता छ । तर थारू समुदायका बारेमा संविधानमा उल्लेखित व्यवस्था कार्यान्वयन हुनसकेको छैन । 'संविधानको धारा १८ र धारा ४२ ले राज्यको हरेक तह र तप्कामा थारू समुदायको समानुपातिक समावेशीको सिद्धान्तअनुसार सहभागी हुने सनिश्चितता गरेको छ । तर त्यसको कार्यान्वयन हुनसकेको छैन । मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ४७ ले संविधान लागू भएको तीन वर्षभित्र कानुन बनाई कार्यान्वयन गर्ने बाध्यात्मक व्यवस्थासमेत गरेको छ । त्यसको पनि कार्यान्वयन हुनसकेको छैन । थारू समुदायलाई संविधानले दिएको अधिकारमा स्पष्ट ऐन, कानुन नहुँदा राज्यका हरेक निकायमा अवसर लिनबाट वञ्चित भएका छन् । राज्यले संवैधानिक आयोगका रूपमा संविधानको धारा २६३ मा थारू आयोगको व्यवस्था गरेको छ । थारु आयोग भने गठन भएको छ ।

नेपालको तराई क्षेत्रमा थारू समुदायको सबैभन्दा बढी जनसङ्ख्या रहेको छ । सुर्खेत, दाङ र चितवनलगायत जिल्लाका विभिन्न स्थानमा थारू समुदायको बसोबास छ । सरकारले थारू जातिलाई लोकजातिका रूपमा मान्यता दिएको छ । निजामती, नेपाल प्रहरी, नेपाली सेना र संस्थानलगायत सरकारी जागिरमा थारू जातिको जनसङ्ख्याका आधारमा आरक्षणको व्यवस्था गर्नुपर्छ ।

विसं २०७८ को जनगणनाअनुसार थारू समुदायको जनसङ्ख्या १८ लाख सात हजार एक सय २४ छ । त्यही जनसङ्ख्याका आधारमा उनीहरूको राज्यका निकायमा सहभागिताको सुनिश्चित हुनुपर्छ । 'थरुहट प्रदेश' हुनुपर्छ भन्ने हाम्रो माग रहँदै आएको छ । थारू सामुदायको बाहुल्य रहेका गाउँपालिका र नगरपालिकामा सरकारी कामकाजको भाषाको रुपमा थारू भाषालाई मान्यता दिलाउनुपर्ने हाम्रो अर्को माग हो । थारू र मधेसी समुदायका निम्ति संविधान संशोधन गर्न आवश्यक छ । संविधानमा उनीहरूको खास अधिकार सुनिश्चित हुनसकेको छैन । पार्टीहरूले आफ्नो स्वार्थका लागि संविधान संशोधन गर्नु हुँदैन । अधिकार नपाएका जनताको पक्षमा संशोधन गर्नुपर्छ ।

सुशासनका निम्ति सरकारले भ्रष्टाचारीलाई कानुनअनुसार कडा कारबाही गर्नुपर्छ । हाम्रो देशमा ठूलाठूला नेताले भ्रष्टाचार गर्दा सरकारले बचाइरहेको हुन्छ । त्यसरी आफ्ना नेता, कार्यकर्तालाई जोगाउने हो भने कसरी भ्रष्टाचार रोकिन्छ । कसरी देशमा सुशासन हुन्छ ? कानुन सबैका लागि समान हुनुपर्छ । देशको अवस्था वर्तमान सरकारले बिगारेको होइन । देशको अवस्था, जनताको अवस्था पहिलेदेखि बिग्रँदै आएको हो । पहिलादेखि नै सरकारले सञ्चालन गरेका कलकारखाना र उद्योग बन्द हुँदै आएका छन् । तर यो सरकारले देशभित्र उद्योग र कलकारखाना खोल्नेतर्फ ध्यान दिनुपर्छ । देशभित्र नै रोजगारी निर्माण गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । हामीले आयातलाई भन्दा निर्यातमा जोड दिनुपर्छ । अब आयातलाई कम गर्दै जानुपर्छ । उत्पादनमा जोड दिनुपर्छ । सरकारले पनि उत्पादनमा लगानी बढाउनुपर्छ ।

बजेट नेतामुखीभन्दा पनि जनतामुखी हुनुपर्छ । हाम्रोमा नेतामुखी बजेट भएर जनताको अवस्थामा परिवर्तन हुनसकेको छैन । सबै मन्त्रीहरुले आफू निर्वाचित क्षेत्रमा मात्रै बजेट दिने हो भने अरु ठाउँको विकास कसरी हुन्छ ? अरु देशमा पढ्दै काम गर्दै गर्न पाइन्छ । हाम्रो देशको शिक्षा प्रणाली त्यस्तो छैन । हाम्रो दशेका पढेर सकिसकेपछि पनि रोजगारी पाउन गाह्रो छ । त्यसैले सबैभन्दा पहिला शिक्षा प्रणाली नै परिवर्तन गरेर रोजगारमूलक शिक्षा प्रणाली बनाउनुपर्छ । रोजगारसँग सम्वन्धित शिक्षा प्रणाली हुनुपर्छ । नेपाली युवा विदेश जाने अध्ययनका लागि भने पनि कामै गर्न जाने हो । हो, त्यो काम हामीले दिन सक्नुपर्छ नेपालमै ।

नागरिक उन्मुक्ति पार्टीका महासचिव र संसदीय दलको नेतासमेत रहनुभएका गङ्गाराम चौधरी डगौरा प्रतिनिधिसभाको सांसद हुनुहुन्छ ।रासस

# व्यक्तिलाई संस्था मानेर हिँड्नु हुन्न : प्रम ओली



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै एक व्यक्तिलाई संस्था मानेर हिँड्ने प्रवृति सामन्ती सोच भएको बताउनुभएको छ । नेपाली कांग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको १५औँ स्मृति दिवसको अवसरमा कांग्रेस नेत्री सुजाता कोइरालाद्वारा लिखित 'म र मेरो सानो बुवा' (आत्मकथा) को आज लोकार्पण गर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

प्रधानमन्त्री ओलीले कुनैजना व्यक्ति वा उसको खान्दानलाई संस्था मानेर हिँड्नु पछौटेपन सोच भएको उल्लेख गर्नुभयो । "सबै नेपालीका पूर्खाले लडेर यो देश बनाएको हो, कुनै एकजना व्यक्तिले बनाएको होइन, कसैले नायकत्व दिएको होला फरक त्यत्ति मात्रै हो" उहाँले भन्नुभयो, "अबको युग त्यसमा फर्कन सक्दैन, त्यस्तो भ्रमका कोही नपर्दा हुन्छ ।"

प्रधानमन्त्री ओलीले सबैका विचार फरक भए पनि देश बनाउने साझा गर्न्तव्य एउटै हुनुपर्नेमा जोड दिनुभयो । "देश र जनताको हितको सबैले इमान्दारीका साथ काम गर्नुपर्छ", उहाँले भन्नुभयो । उहाँले लोकार्पण भएको आत्मकथाबाट गिरिजाप्रसाद कोइराला र सुजता कोइरालाको जीवनका विषयमा धेरै जान्न सकिने उल्लेख गर्नुभयो ।

समारोहमा कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गिरिजाप्रसाद कोइरालासँग आफ्नो उतारचडावको सम्बन्ध रहेको स्मरण गर्दै उहाँलाई सर्वप्रथम २०२५ सालमा नख्खु जेलमा भेट भएको बताउनुभयो । उहाँले भन्नुभयो, "गिरिजा बाबु नथाक्ने, जुझारु र लडाकु स्वभावको हुनुहुन्थ्यो, उहाँसँग धेरै लामो समयसम्म काम गर्ने मौका पाएँ, म सभामपति हुनुमा पनि उहाँको केही न केही योगदान छ ।" सभापति देउवाले तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश शासनकाविरुद्ध आफू र गिरिजाप्रसाद कोइराला सँगसँगै लडेको उल्लेख गर्नुभयो ।

कांग्रेसका नेता डा शेखर कोइरालाले माओवादीको जनयुद्धपछि देशलाई शान्ति प्रक्रियामा ल्याउनका लागि पूर्वप्रधानमन्त्री गिरिजाप्रसादले पुऱ्याउनुभएको योदानको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले विगतबाट पटक्कै पाठ सिकेका छैनौँ, अहिले कांग्रेस र एमालेको सरकार छ, हामीले कम्तीका देशको सुशासनको निम्ति काम गर्नुपर्छ ।" कांग्रेसका सहमहामन्त्री तथा सांसद भीष्मराज आङदम्बेले कांग्रेस पार्टीभित्र देखिएका गुठ-उपगुठ अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

कांग्रेसका नेता डा शशाङ्क कोइरालाले गिरिजाप्रसाद कोइरालाले मुलुक र जनताका निम्ति गरेका त्याग, बलिदान र सङ्घर्षका विषयमा स्मरण गराउँदै त्यसबाट नयाँ पुस्ताले धेरै कुरा सिक्नुपर्ने धारणा व्यक्त गर्नुभयो । नेत्री सुजाता कोइरालाले लामो मेहनत र अनुसन्धानबाट 'म र मेरो सानो बुवा' (आत्मकथा) को जन्म भएको बताउनुभयो । उहाँले आत्मकथामा आफ्नो पारिवारिक र मुलुकको राजनीतिका धेरै विषय समेटिएको जानकारी दिनुभयो ।रासस

# न्याय सेवा सुधार गर्न अनलाइन प्रणाली सुरु

काठमाण्डु । न्याय प्रणालीलाई थप सहज र सरल बनाउन अनलाइन प्रणाली शुभारम्भ गरिएको छ । सर्वोच्च अदालतबाट सातै प्रदेशका मुख्य न्यायाधीवक्ताको कार्यालयहरूलाई दिइने पेसीको सूचना पठाउने तथा जिल्ला अदालतहरूले विशेष प्रकृतिको निवेदनउपर कारबाहीमा प्रयोग गरिने अनलाइन प्रणालीको आज शुभारम्भ गरिएको हो ।

अनलाइन प्रणालीको शुभारम्भ गर्दै प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्याय प्रणालीको सुधार गर्नैपर्ने भएको र त्यसका लागि प्रविधिको सुधार अतिआवश्यक भएको उल्लेख गर्नुभयो । "यस कार्यको शुभारम्भपछि न्याय प्रणाली दिगो, भरपर्दो, विश्वसनीय र पारदर्शी हुनेछ भने अनियमितता, विकृति विसङ्गति हटाउन योगदान पुग्नेछ", उहाँले भन्नुभयो । न्याय प्रणालीमा 'डिजिटाजेसन' रुपान्तरण आजको अपरिहार्यता भएको प्रधानन्यायाधीश राउतको भनाइ थियो ।

सर्वोच्च अदालतले न्यायिक सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउने तथा अदालतलाई कागज प्रयोग न्यून हुने निकायका रूपमा विकास गर्ने लक्ष्यका साथ सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्दै आएको छ । सर्वोच्च अदालतले अदालतहरूको मुद्दा व्यवस्थापनका अधिकांश कार्य एकीकृत मुद्दा व्यवस्थापन प्रणाली र यसका ढाँचाहरुबाट गर्नेगरी व्यवस्था मिलाइएको जनाएको छ । उक्त प्रणालीमा नयाँनयाँ सेवा थप हुँदै आएकामासर्वोच्च अदालतले हालै तयार पारेको अनलाइन प्रणाली सुरु गरेको हो ।रासस

# विचाराधीन विधेयकलाई शीघ्र टुङ्गोमा पुऱ्याउने सत्तापक्षीय दलको निर्णय



काठमाण्डु।सत्तापक्षीयदलहरुले संसद्मा विचारधीन विधेयकलाई यथाशीघ्र टुङ्गोमा पुऱ्याउने निर्णय गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटरमा मंगलबार बसेको सत्ता पक्ष दलका शीर्ष नेताको बैठकमा संसद्मा विचारधीन विधेयकलाई चाँडै अघि बढाउने विषयमा छलफल भएको बैठकमा सहभागी श्रम, रोजगार तथा सामाजिकमन्त्री शरतसिंह भण्डारीले राससलाई जानकारी दिनुभयो ।

बैठकमा भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक सहमति जुटाउनेलगायत समसामायिक विषयमा छलफल भएको उहाँले बताउनुभयो ।बैठकमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठलगायत उपस्थित हुनुहुन्थ्यो ।रासस

# स्वास्थ्य बिमा बोर्डको अध्यक्षमा थापा



काठमाण्डु । स्वास्थ्य बिमा बोर्डको अध्यक्षमा चन्द्रबहादुर थापा क्षेत्री नियुक्त हुनुभएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आज मन्त्रालयमा नवनियुक्त अध्यक्ष थापालाई पद तथा गोपनीयताको सपथ ग्रहण गराउनुभयो ।

प्यूठान निवासी थापा यसअघि तीन वर्ष बोर्ड सदस्यका रुपमा रहनुभएको थियो । नवनियुक्त अध्यक्ष थापाले स्वास्थ्य बिमा सुधार गर्न स्वास्थ्य बिमा नीतिको समीक्षा र सुधार गरी सबै नागरिकलाई समेट्ने योजना रहेको बताउनुभयो ।

उहाँले बिमाको दाबी भुक्तानी प्रक्रियालाई छिटो र पारदर्शी बनाउने तथा बिमा कोषको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, स्वास्थ्य बिमा बोर्डको स्थायी सङ्गठन संरचना स्वीकृतिका लागि पहल गर्ने, स्वास्थ्य बिमाको महत्त्वबारे जनचेतना अभियान चलाउने तथा सरकार, निजी क्षेत्र र अन्तरराष्ट्रिय संस्थासँग सहकार्य गरी बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुभयो ।रासस


## Invitation for Bids

**Dhanushadham Municipality**

**Office of Municipal Executive**

**Dhanushadham,Dhanusha**

**Invitation for Bids for the Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham, Dhanusha**

**Contract Identification No: DM/06/Works/081-082**

**Date of publication: 2081-12-13**

1. Dhanushadham Municipality ,Office of municipal Executive,Dhanushadham,Dhanusha invites electronic bids from Nepalese eligible bidders for the Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham,Dhanusha under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,.Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank,Dhanushadham Branch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705

**Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank,Dhanushadham Baranch

**Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705

**Office Account no.:** 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of School Building Shree Dhanush Janta Madhyamik Bidyalay Dhanushadham, Dhanusha (DM/06/Works /081-082) | 62,16,180.66 without vat and contingencies | 3000/- | 2,13,000/- | 2082-01-12 at 12:00 hrs | only E-Bid |

**Chief Administrative Officer**

# पुनरवतार के हो, नयाँ दलाई लामा कसरी छानिन्छन्

बीबीसी

काठमाण्डु । दलाई लामाको अर्को अवतार चीनभित्रै फेला पारिनुपर्ने भनी बेइजिङले जोड दिइरहँदा तिब्बती आध्यात्मिक नेता दलाई लामाले उनको उत्तराधिकारीको जन्म चीनबाहिर हुने घोषणा गरेका छन्।"पुनरवतार लिएका धर्मगुरुको उद्देश्य आफ्ना पूर्ववर्तीको काम जारी राख्ने भएका कारण नयाँ दलाई लामाको जन्म स्वतन्त्र विश्वमा हुनेछ," तिब्बती बौद्धधर्मका ती सर्वोच्च नेताले आफ्नो नयाँ पुस्तकमा लेखेका छन्।



दलाई लामा राजनीतिक र आध्यात्मिक व्यक्तित्व भएका कारण चीन सरकारले दलाई लामाका साथै अन्य उच्च बौद्ध लामा (गुरु)हरूको पुनरवतारलाई आफूले अनुमोदन गर्नुपर्ने अडान लिने गरेको छ। तर उच्च धर्मगुरुहरूले पुनः जन्म लिने विश्वासले तिब्बती बौद्धधर्ममा कसरी काम गर्छ अनि दलाई लामाको भूमिकामा आउने १५औँ व्यक्तिको छनौट कसरी हुन्छ? दलाई लामा तिब्बतका आध्यात्मिक नेता र तिब्बती बौद्ध धर्मको सबैभन्दा परिचित अनुहार हुन्। उनलाई तिब्बतका संरक्षक भनिने अवालोकितेश्वर वा चेन्रेजिगको अंशका रूपमा पनि मानिन्छ।

दलाई लामा एक पदवी हो जस्को अर्थ "ज्ञानको महासागर" भन्ने हुन्छ। यो भूमिका वर्षौं देखि पहिलेका लामाको पुनर्जन्म हुन्छ भन्ने मान्यताका आधारमा परि पूर्ति गरिँदै आएको छ।तिब्बती बौद्धमार्गीहरू मृत्यु भए पछि पुनर्जन्म हुने कुरामा विश्वास गर्छन्। अघिल्लो जन्ममा गरेको काम र व्यवहारका आधारमा पुनर्जन्म तय हुने उनीहरूको विश्वास छ। मानिसले गर्ने काम वा व्यवहारलाई बौद्ध, हिन्दू र सिख धर्ममा कर्म भनिन्छ।

दलाई लामा जस्तो उच्च आध्यात्मिक स्तर हासिल गरेको व्यक्तिले आफ्नो अर्को अवतारले कहिले र कहाँ जन्म लिन्छ भनेर तय गर्न सक्ने तिब्बतीहरू विश्वास गर्छन्। अहिलेका दलाई लामाको नाम तेन्जिङ ग्यात्सो हो। उनको जन्म सन् १९३५ को जुलाई ६ मा उत्तर पूर्वी तिब्बतको एक गरिब किसान परिवारमा भएको थियो। उनी छ वर्षको हुँदा नै १३औँ दलाई लामा अर्थात् थुब्तेत ग्यात्सोले फेरि अवतार लिएका व्यक्तिको रूपमा उनको पहिचान भयो।

"दलाई लामा बारम्बार अवतार लिएर जन्मने कुरामा तिब्बतीहरू विश्वास गर्छन्। अहिलेका दलाई लामा १३औँ दलाई लामाको अवतार भएको हाम्रो विश्वास छ," डा थुप्तेन जिन्पा भन्छन्। यसअघि भिक्षु पनि रहेका डा जिन्पाले तिब्बती बौद्ध धर्मको सबैभन्दा उच्चतम धर्मशास्त्रीय योग्यता हासिल गरेका छन्। उनले सन् १९८५ देखि दलाई लामाको आधिकारिक अनुवादकको काम पनि गरिरहेका छन्।उनका अनुसार सबै दलाई लामाहरू एउटै व्यक्तिको पुनरवतार भएको परम्परागत विश्वास रहे पनि अहिलेका दलाई लामाले अक्षरशः ठ्याक्कै त्यस्तो नहुने ठान्छन्।"सबै १४ जना दलाई लामाहरू एउटै व्यक्तिको अवतार भएको हुनैपर्ने विश्वास आफूले नलिएको उहाँ पवित्र धर्मगुरुले केही अवसरमा भनेको मैले सुनेको छु," डा जिनपाले बीबीसीसँग भने।

"तर त्यो परम्पराका सबैको दलाई लामाको परम्परासँग विशेष सम्बन्ध हुन्छ।" बौद्धधर्म इशाइ धर्म भन्दा पुरानो भए पनि दलाई लामाको संस्था त्यसभन्दा नयाँ हो।"सबैभन्दा पहिलो दलाई लामाको रूपमा सन् १३९१ मा जन्म भएका गेदुन्द्रुपलाई मान्यता दिइए पनि बौद्ध धर्मगुरुको अवतारको विश्वास त्यसभन्दा पुरानो हो। त्यो कम्तीमा पनि त्यसभन्दा ३०० वर्षअघिको अभ्यास हो," एबरडीन विश्वविद्यालयको स्कटिश सेन्टर फर हिमालयन रिसर्चका प्राध्यापक मार्टिन ए मिल्स भन्छन्।

"अहिले पुनः अवतार लिएका सयौँ लामाहरूको निरन्तरको परम्परा लामो छ। त्यसमध्ये दलाई लामा चाहिँ सबैभन्दा प्रसिद्ध हुन्," मिल्स भन्छन्। "दलाई लामाको छनौट प्रक्रिया निकै कडा, जटिल र विस्तारित हुन्छ," उत्तरी भारतको धर्मशालामा केही घण्टा अघि मात्रै दलाई लामालाई भेटेर आएका डा जिन्पा सुनाउँछन्।"दलाई लामा फरक-फरक परिवारबाट आउँछन् र ती कुनैबीच पनि त्यसअघि नजिकको नाता हुँदैन," डा जिन्पा थप्छन्।पुनः अवतार लिएका व्यक्तिको पहिचान गर्न वर्षौं लाग्न सक्छ। अहिलेका १४औँ दलाई लामाको पहिचान गर्न चार वर्ष लागेको थियो।

> "दलाई लामा बारम्बार अवतार लिएर जन्मने कुरामा तिब्बतीहरु विश्वास गर्छन्। अहिलेका दलाई लामा १३औं दलाई लामाको अवतार भएको हाम्रो विश्वास छ" डा थुप्तेन जिन्पा भन्छन्। यसअघि भिक्षु पनि रहेका डा जिन्पाले तिब्बती बौद्ध धर्मको सबैभन्दा उच्चतम धर्मशास्त्रीय योग्यता हासिल गरेका छन्।

उच्च तहका भिक्षुहरूले पूर्ववर्ती दलाई लामाको मृत्यु भएका समयमा जन्मिएका बालकको खोजी गर्छन्। उनीहरूको खोजी निश्चित कुराहरूमा आधारित हुन्छ।जसमध्ये एक जना भिक्षुले त्यस्तो पुनः अवतारका लिएका बालकको पहिचानबारे सपना देख्न सक्छन्। पूर्ववर्ती दलाई लामाको चिता जलाउँदा उडेको धुवाँको दिशाले दलाई लामाले पुनर्जन्म लिएको क्षेत्रको सङ्केत गर्छ। त्यसैगरी मध्य तिब्बतमा रहेको एक पवित्र तालले पनि खोजीबारे केही सङ्केतहरू गर्ने विश्वास गरिन्छ।

अहिलेका दलाई लामा तेन्जिन ग्यास्तोको गाउँ र घर त्यही तालमा देखिएको दृश्यबाट पहिचान भएको थियो। पुनर्जन्म लिएका बालक रहेको स्थान पहिचान भए पछि ती बालकलाई कैयौँ सामग्रीहरू दिइन्छ। ती बालकले त्यसमध्ये कुन-कुन सामान पूर्ववर्ती दलाई लामाका हुन् भनेर पहिचान गर्न सफल भएको अवस्थामा त्यसलाई बालकको पुनर्जन्मको सन्दर्भमा राम्रो सङ्केतका रूपमा लिइन्छ। प्रमुख लामाहरू यी कुराहरूबाट सन्तुष्ट भएपछि ती बालकलाई छनौट गरिन्छ र उनलाई वर्षौंको धार्मिक प्रशिक्षण र धर्मशास्त्रीय अध्ययनमा लगाइन्छ।

यद्यपि दलाई लामाका विगतका कतिपय छनौट विवादास्पद भएका थिए र त्यसबारे तिब्बत भित्र र बाहिर आशङ्काहरू गरिएका थिए।"पाँच सय वर्षअघि पहिलो दलाई लामाको पुनर्जन्मलाई उनको सहर ताशिल्हुन्पोकै गुम्बाका अधिकारीहरूले मान्यता दिएका थिएनन्। पाँचौँ दलाई लामाले पनि छनौट प्रक्रियाको परीक्षा आफूले उत्तीर्ण नगरेको आफ्नो डायरीमा लेखेका थिए," प्राध्यापक मिल्स स्मरण गर्छन्।अहिलेसम्म जम्मा दुई जना मात्रै दलाई लामा तिब्बत बाहिरबाट छानिएका छन्। त्यसमध्ये एक जना मङ्गोलिया र अर्को उत्तर पूर्वी भारतको तवाङबाट।

अहिलेका दलाई लामाले आगामी जुलाईमा आफ्नो ९० औँ जन्मोत्सवका दिन आफ्नो पुनर्जन्मबारे थप स्पष्टता दिने बताएका छन्। दलाई लामा राजनीतिक कारण निर्वासनमा गएको कुरा चीनले अस्वीकार गर्दै आएको छ। उनी धर्मको आवरणमा चीन विरोधी पृथकतावादी गतिविधिमा संलग्न भएको आरोप चीनको छ। चीनले सन् २००७ मै - उनीहरूको भनाईमा 'जीवित बुद्धको रूपमा नयाँ अवतार लिने' अबको दलाई लामाले त्यसका लागि "आवेदन दिने र अनुमोदन लिने" प्रकृया पालन गर्नु पर्ने अनिवार्य व्यवस्था गरिसकेको छ।

सन् १९५०मा चीन विरोधी विद्रोह पछि चीनले तिब्बतमाथि आफ्नो दाबी गर्दै हजारौँ सैनिकहरू उक्त क्षेत्रमा पठाएको थियो। दलाई लामा सन् १९५९ मा त्यहाँबाट भागेर भारत पुगेका थिए र उनले धर्मशालामा निर्वासित सरकार स्थापना गरेका थिए।तिब्बत चीनकै भएको विषयमा कुनै पनि देशले विवाद गरेका छैनन् तर दलाई लामा दशकौँ देखि तिब्बतमा चिनियाँ शासनको प्रतिरोधको प्रतीक बन्दै आएका छन्। प्राध्यापक मिल्स निर्वासनमा रहँदा दलाई लामाले तिब्बतीहरूमाझ सर्वस्वीकार्य नेताको रूपमा आफ्नो महत्त्व बढाएको बताउँछन्।

सन् २०११ मा निर्वासित सरकारको प्रमुखको भूमिका त्यागेका दलाई लामाले, तिब्बती बौद्धमार्गको नेताका रूपमा कुनै पनि औपचारिक पद लिएका छैनन् तर पनि उनले तिब्बतका पक्षमा पैरवी गर्न जारी नै राखेका छन्। आफ्नो अबको अवतारको जन्म तिब्बत बाहिर हुने भनेर दलाई लामाले लिएका निर्णयलाई चीन नियन्त्रित भूभागमा रहेको अवस्थाप्रतिको व्यवहारिक प्रतिक्रियाको रूपमा पनि कतिपयले हेरेका छन्।तिब्बती बौद्धधर्मका दोस्रो प्रमुख व्यक्ति पञ्चेन लामा हुन्। सामान्यतया हरेक पटक नयाँ दलाई लामाको छनौटमा उनको महत्त्वपूर्ण भूमिका रहने गर्छ।

सन् १९९५ मा दलाई लामाले एक जना साना बालकलाई पञ्चेन लामा तोकेका थिए। तर चीनले उनलाई अस्वीकार गऱ्यो र आफैँले अर्को पञ्चेन लामा छनौट गऱ्यो। दलाई लामाको छनौटमा परेका पञ्चेन लामा त्यसपछि कहाँ हराए अहिलेसम्म थाहा हुन सकेको छैन । चीन सरकारले भविष्यमा आफ्नै दलाई लामा घोषणा गर्ने सम्भावना छ। तर के तिब्बतीहरूले त्यसलाई मान्लान्?"मानिसहरू विनम्र हुन सक्छन् किनभने उनीहरू आफ्नो ज्यान गुमाउन चाहँदैनन्। तर मानिसहरूले चीन सरकारले नियुक्त गर्ने दलाई लामालाई स्वीकार गर्दैनन्," जिन्पा भन्छन् ।

## प्रधानमन्त्री कप क्रिकेट :

# पुलिस क्लब फाइनलमा



घोराही । लिग चरणको एक खेल बाँकी छूँदै नेपाल पुलिस क्लब प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । आज भएको खेलमा पुलिसले कर्णाली प्रदेशलाई ४४ रनले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो ।

लमहीको देउखुरी क्रिकेट रङ्गशालामा पुलिसले दिएको १४७ रनको लक्ष्य पछ्याउने क्रममा कर्णाली प्रदेशको पारी २४ ओभरमा सबै विकेट गुमाउदै १०३ रनमै समेटियो । कर्णालीका लागि रविन्द्र शाहीले ४९ र अर्जुन घर्तीले ३० रन बनाए ।

बलिङतर्फ खेलको म्यान अफ दी म्याच घोषित ललितनारायण राजवंशीले ९ ओभरमा ४१ रन खर्चिँदै ६ विकेट लिए । यस्तै सागर ढकालले २ र करण केसीले १ विकेट लिए ।

यस अघि टस हारेर पहिला ब्याटिङ गरेको पुलिसले ४८ ओभरमा सबै विकेट गुमाउँदै १४७ रन बनायो । पुलिसका लागि अर्जुन साउदले ३६, दिलिप नाथले ३४ र सागर ढकालले अविजित २२ रन बनाए । बलिङतर्फ कर्णाली प्रदेशका अनुज चुनाराले ४, दिवान पुनले ३ तथा दिनेश अधिकारी, दिपेन्द्र रावत र सुनिल धमलाले एक एक विकेट लिए ।

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा ८ खेल खेलेको पुलिस क्लब अविजित रहँदै १६ अङ्क बटुलेर शीर्ष स्थानमा छ ।रासस

# बङ्गलादेशी पूर्व कप्तान तमिम इकबाल हृदयाघातपछि निको हुँदै

एएफपी



ढाका । बङ्गलादेशका पूर्व कप्तान तमिम इकबाललाई घरेलु खेलका क्रममा हृदयघात भएपछि होसमा आउनुभएको र उहाँले परिवारका सदस्यहरूसँग कुरा गरिरहनुभएको क्रिकेट अधिकारीहरूले मङ्गलबार बताएका छन् ।पचास ओभरको ढाका प्रिमियर डिभिजन क्रिकेट लिगको खेलमा महमदन स्पोर्टिङ क्लबको नेतृत्व गरिरहेका ३६ वर्षीय तमिमलाई सोमबार छातीमा गम्भीर दुखाइ भएपछि नजिकैको अस्पतालमा लगिएको थियो ।

"उहाँ अहिले राम्रो हुनुहुन्छ । उहाँले परिवारका सदस्यहरूसँग कुरा गर्नुभयो र अस्पतालमा केही समय हिँड्नुभयो", क्लबका अधिकारी तारिकुल इस्लामले भन्नुभयो ।महमदनका फिजियोथेरापिस्ट एनामुल हकले तमिम स्थिर अवस्था रहेको र छिट्टै अर्को चिकित्सा संस्थानमा स्थानान्तरण गरिने सम्भावना रहेको बताउनुभयो ।"उहाँको ज्यान बचाउनका लागि हामीले तुरुन्तै अस्पताल जानुपरेको थियो र भाग्यवश हामीले त्यसो गऱ्यौँ", इनामुलले भन्नुभयो ।

तमिमको उपचार भइरहेको क्षेत्रका मेडिकल निर्देशक राजीब हसनले सोमबार पत्रकारहरूलाई बताए अनुसार अस्पताल पुऱ्याउँदा तमीमको अवस्था गम्भीर थियो । धमनीको अवरोध हटाउनका लागि तमिमले शल्यक्रिया गरेर स्टेन्ट लगाउनुपरेको पनि उहाँले बताउनुभयो ।

तमिमको स्वास्थ्य सङ्कटको खबरले क्रिकेट जगतबाट समर्थन पाएको थियो । "मेरो भाइ तमिम चाँडै निको होऊन् र खेलमा फर्कून् भनेर कृपया प्रार्थना गर्नुहोस् !", लामो समयदेखिका टोलीका साथी शकिब अल हसनले सामाजिक सञ्जालमा लेख्नुभयो ।तमिमको हृदयाघात शकिबको ३८औँ जन्मदिनको दिन नै भयो, तर अलराउन्डर यी खेलाडीले यो समाचारका कारण उत्सवमा आनन्द लिन सक्नुभएन ।भारतीय क्रिकेटर युवराज सिंहले पनि आफ्नो 'प्रार्थना र शुभकामना' दिनुभयो ।

"तिमीले अघि पनि कठिन प्रतिद्वन्द्वीहरूको सामना गरेका छौ र बलियो बनेका छौ, यो पनि त्यस्तै हुनेछ ।

तिमीलाई चाँडो निको हुने शुभकामना। दृढ रहौ", युवराजले सामाजिक सञ्जालमा लेख्नुभयो ।तमीमले सन् २००७ देखि २०२३ सम्म विभिन्न ढाँचामा तीन सय ९१ खेलमा बङ्गलादेशको प्रतिनिधित्व गर्नुभएको थियो र उहाँ एकदिवसीय क्रिकेटमा बङ्गलादेशको कप्तान हुनुहुन्थ्यो ।उहाँले १५ हजारभन्दा बढी रन बनाउनुभएको छ र तीनै अन्तर्राष्ट्रिय ढाँचामा शतक बनाउने एकमात्र बङ्गलादेशी हुनुहुन्छ ।

# भियतनाममा १७.७ अर्ब डलर मनी लन्ड्रिङको मुद्दामा पुनरावलोकन सुरु

एएफपी

हो ची मिन सिटी । मनी लन्ड्रिङको दोषी ठहरिएकी भियतनामी रियल स्टेट टाइकुनको अपिल मङ्गलबार सुरु भएको छ । तीन महिनापछि उनले छुट्टै मुद्दामा मृत्युदण्ड विरूद्धको चुनौती गुमाएकी थिइन् ।

रियल स्टेट व्यवसायी ट्रुङ माई लानलाई सन् २०२४ अप्रिलमा साइगन वाणिज्य बैंक (एससिबी) बाट पैसा चोरी गरेको आरोपमा दोषी ठहर गरिएको थियो र २७ अर्ब डलरको ठगी गरेको आरोपमा मृत्युदण्ड सजाय सुनाइएको थियो ।

लानले त्यस फैसलाविरुद्ध अपिल गर्नुभयो र अदालतले उहाँको सजाय घटाउने कुनै आधार नभएको बतायो । यद्यपि अदालतले चोरी गरिएका सम्पत्तिको तीन चौथाई फिर्ता गरे मृत्युदण्डबाट उम्कन सक्ने बतायो ।अहिले उहाँले अक्टोबरमा भएको दोस्रो मुद्दाको फैसलाविरुद्ध अपिल गरिरहनुभएको छ । उक्त मुद्दाको फैसलामा उहाँलाई तीन वटा अपराधका लागि आजीवन कारावासको सजाय सुनाइएको थियो ।

मङ्गलबार उच्च-प्रोफाइल सुनुवाइमा अभ्यस्त लानले प्रहरी अधिकारीहरूसँग कुराकानी गर्नुभयो र हो ची मिन सिटीमा अदालत सुरु हुने पर्खाइमा अपेक्षाकृत सहज देखिनुभएको थियो ।

प्रहरी अधिकारीहरूको घेराबीच उहाँकी भतिजी उहाँको पछाडि बस्नुभएको थियो । भतिजीलाई अक्टोबरमा सम्पत्ति ठगीका लागि पाँच वर्षको जेल सजाय दिइएको थियो ।अक्टोबरमा मनी लन्ड्रिङको आरोपमा उहाँलाई दिइएको दुई वर्षको सजाय स्वीकार गरिसक्नुभएका उहाँका पति चु न्याप कीबिना लान अदालतमा परेको यो पहिलो पटक हो ।

राज्य मिडियाका अनुसार अपील अप्रिल २१ सम्म चल्नेछ र लानको बचाउ आठ वकिलले गर्नेछन् ।

अठसठ्ठी वर्षीया लानलाई १७ अर्ब ७० करोड मनी लन्ड्रिङ र चार अर्ब ५० करोड डलरको गैरकानूनी सीमापार कारोबारको दोषी ठहर गरिएको छ । उहाँमाथि एक अर्ब २० करोड डलर ठगी गरेको अभियोग पनि लागेको थियो ।लान 'मुख्य योजनाकार हुनुहुन्थ्यो, परिष्कृत तरीकाले, धेरै पटक अपराध गर्नुभयो, जसले विशेष रूपमा गम्भीर परिणामहरू ल्याउनुभयो' भन्ने अदालतले निर्धारण गरेको छ ।


## भाखा नाघेको कर्जा बुझाउने बारे श्री कृषि विकास बैंक लि. शाखा कार्यालय, शिवचोक, जनकपुरको २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपरगरिने व्यहोरा समेत जानकारी गराउँदछौ । साँथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचना द्धारा जानकारि गराईएको छ ।

**कार्यालयको नामः श्री कृषि विकास बैंक लि. शाखा कार्यालय शिवचोक, जनकपुर**

| क्र.सं. | आई.डि. नं. | मिसिल नं | ग्राहकको नाम | बुवा/पति को नाम | बाजे/ससुरा को नाम | ठेगाना | उदेश्य | सांवा रकम | २०८१ पौष, फाल्गुन मसान्त सम्मको बांकी ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४३५००७ | १३९२ | कमला कर्नर रेडिमेट प्रो. अरविन्द कुमार साह | राम नारायण साह | जगदेव साह | जनकपुर ८ | ब्यापार कर्जा | ५४५१३०१ | २६४४८६ | ५७१५७८७ | | |
| २ | १३४६४७२ | २०८४ | ईन्द्रासन देवी | वैधनाथ साह | राम अशिष साह | जनकपुर ७ | घरायसी कर्जा | ३४२१४१४।५९ | १०५८४५ | ३५२७२५९।५९ | | |
| ३ | ४३४६१४ | ९४३ | देव दुलारी देवी | अमलेश कुमार यादव | राज कुमार यादव | जनकपुर ९ | घरायसी कर्जा | ३०००००० | १२९२२५ | ३१२९२२५ | | |
| ४ | ४३४४४६ | ७०६ | प्रगती मैनवत्ती उधोग प्रो. जय प्रकाश साह | राम बाबु साह | किशोरी साहु | जनकपुर ११, मिल्स एरिया | ब्यापार कर्जा | २४००००० | १२४३७९ | २५२४३७९ | राम बाबु साह | |
| ५ | १९४३२६७ | २२२१ | मिना देवी मण्डल | राम चन्द्र मण्डल | सोभित मण्डल | धनौजी ८ | व्यक्तिगत ओ.डि. कर्जा | २०००००० | १५७८८२।८८ | २१५७८८२।८८ | | |
| ६ | ५३७७६६२ | २३१२ | यस एण्ड एस फार्म प्रो. सुनिल कुमार यादव | अमलेश कुमार यादव | राज कुमार यादव | भंगहा ९ | सरल कृषी कर्जा | २०००००० | ७७७१६ | २०७७७१६ | | |
| ७ | ४३५७७१ | १९७४ | भुवनेश्वर मण्डल खत्वे | निरन मण्डल खत्वे | बरन मण्डल | लक्ष्मीपुर बगेवा १ | सरल कृषी कर्जा | २०००००० | ५३२०३ | २०५३२०३ | | |
| ८ | १०९३६१५ | १९२३ | उपेन्द्र किराना पसल प्रो.उपेन्द्र यादव | चौठी यादव | शिवनन्दन यादव | क्षिरेश्वरनाथ ५ | ब्यापार कर्जा | १६००००० | ३३०८२०।४२ | १९३०८२०।४२ | | |
| ९ | १४२६३६१ | १४९५ | राम बाबु राय कुर्मी | राम सेवक राय | राम सरण राय | जनकपुर ६ | घरायसी कर्जा | १४००००० | ५६५९९ | १४५६५९९ | | |
| १० | ४३५४१० | १६०५ | ओम रुद्राक्ष कन्सट्रक्सन प्रो. बरुन कुमार झा | शशिनाथ झा | देव कान्त झा | जनकपुर ८ | संस्थागत ओ.डि. कर्जा | १०००००० | ६७३१४ | १०६७३१४ | | |
| ११ | ९४८९१२ | १६०५ | बरुन कुमार झा | शशिनाथ झा | देव कान्त झा | जनकपुर ८ | सरल कृषी कर्जा | ९००००० | ३६५३५ | ९३६५३५ | | |
| १२ | १७२९४०९ | २१५० | प्रगतिशिल कृषी फर्म प्रो. मिथिला चौधरी भुमिहार | रामचन्द्र चौधरी | राम कृपाल चौधरी | जनकपुर २३, बिन्धी | व्यवसायिक कृषी तथा पशुपंक्षी कर्जा | ५९११२०।१५ | १३९९१।७७ | ६०५१११।९२ | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# यस्तो छ विदेशी मुद्राको विनिमयदर

काठमाण्डु। नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार मंगलबार अमेरिकी डलरको भाउ मंगलबार घटेको छ। केन्द्रीय बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रूपैयाँ ७२ पैसा र बिक्रीदर १३७ रूपैयाँ ३२ पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १४८ रूपैयाँ २८ पैसा र बिक्रीदर १४८ रूपैयाँ ९३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७७ रूपैयाँ १६ पैसा र बिक्रीदर १७७ रूपैयाँ ९४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५५ रूपैयाँ १८ पैसा र बिक्रीदर १५५ रूपैयाँ ८६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रूपैयाँ ११ पैसा र बिक्रीदर ८६ रूपैयाँ ४९, क्यानेडियन डलर एकको खरिददर ९५ रूपैयाँ ४९ पैसा र बिक्रीदर ९५ रूपैयाँ ९१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रूपैयाँ २७ पैसा र बिक्रीदर १०२ रूपैयाँ ७२ पैसा निर्धारण गरिएको छ।

यस्तै, जापानी येन १० को खरिददर नौ रूपैयाँ १३ पैसा र बिक्रीदर नौ रूपैयाँ १७ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ८५ पैसा र बिक्रीदर १८ रूपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ४५ पैसा र बिक्रीदर ३६ रूपैयाँ ६१ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ५१ पैसा र बिक्रीदर ३७ रूपैयाँ ६७ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ ०४ पैसा र बिक्रीदर चार रूपैयाँ ०६ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ २२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ३९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ८३ पैसा र बिक्रीदर ३० रूपैयाँ ९७ पैसा निर्धारण भएको छ।

त्यस्तै, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ३२ पैसा र बिक्रीदर नौ रूपैयाँ ३६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रूपैयाँ ५३ पैसा र बिक्रीदर १३ रूपैयाँ ५९ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रूपैयाँ ८८ पैसा र बिक्रीदर १९ रूपैयाँ ९७ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रूपैयाँ ५९ पैसा र बिक्रीदर १७ रूपैयाँ ६७ पैसा, कुवेती दिनार एकको खरिददर ४४३ रूपैयाँ ५५ पैसा र बिक्रीदर ४४५ रूपैयाँ ५० पैसा, बहराइन दिनार एकको खरिददर ३६२ रूपैयाँ ६९ पैसा र बिक्रीदर ३६४ रूपैयाँ २८ पैसा, ओमनी रियाल एकको खरिददर ३५५ रूपैयाँ १८ पैसा र बिक्रीदर ३५६ रूपैयाँ ७४ पैसा निर्धारण गरिएको छ। रासस

# बाँदरले सताएपछि उपभोक्ताले मागे भरुवा बन्दुक

तानसेन। बाँदर आतङ्कले सताएपछि पाल्पाका वन उपभोक्ताले सरकारसँग भरुवा बन्दुक राख्न पाउनुपर्ने माग गरेका छन्। स्थानीयले लगाएको खेती बाँदरले नष्ट पार्नुका साथै मानिसलाई आक्रमण गर्न थालेको भन्दै सुरक्षाका लागि भरुवा बन्दुक राख्न पाउनुपर्ने माग गरेका हुन्। जिल्लास्थित डिभिजन वन कार्यालयले आयोजना गरेको कार्यक्रमका सहभागी उपभोक्ताले बाँदरका कारण गाउँमा असुरक्षा बढेको र खाद्यन्नसमेत नष्ट भएको भन्दै भरुवा बन्दुक राख्न स्वीकृत दिनुपर्ने माग गरेका छन्।

स्थानीयले गाउँका सबै मिलेर बाँदर धपाउन विभिन्न उपायहरू खोजे पनि त्यो सम्भव नरहेकाले विकल्पका रूपमा भरुवा बन्दुक राख्न पाउनुपर्ने अनुमति सरकारले दिनुपर्ने बगनासकाली गाउँपालिकाकी सरस्वती बस्यालले बताउनुभयो।अधिकांश जग्गा बाँझो हुँदै जाँदा बाँदरको आहारमा कमी भएपछि घरघर पसेर अन्नबाली खाइदिने, केटाकेटीलाई आक्रमण गर्ने भएकाले सुरक्षाका लागि भरुवा बन्दुक राख्न पाउनुपर्ने माग गरिएको उहाँको भनाइ छ। बाँदर मांसहारी भए पनि अहिले आहार नहुँदा घरपालुवा कुखुरा, परेवालगायत पशुपन्छी खाइदिन थालेको भन्दै आक्रमक बनेकाले बाँदर आतङ्क नियन्त्रणका लागि सरकारले कडा कानुन बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।



बस्यालले गाउँमा पाकेका मकैका घोगा देख्न छाडिसके, फलफूल तरकारी सबै बाँदर र बँदेलले खाएर नष्ट गरेका बताउनुभयो। "काखका साना छोराछोरीलाई घरमा छोडेर काममा जान डर हुन थाल्यो। बाँदर घरमा आएर अँगेना र चुलाको छेउमा खानेकुरा खोज्न थाल्छन्। मानिसलाई हातमुख जोड्न मात्रै नभएर जीवन जोगाउनै गाह्रो हुन थालेको छ", उहाँले भन्नुभयो।

भूपति भट्टराईले हिउँद र वर्षाका बेला पाक्न लागेको बाली जोगाउन बारीमा पहरा दिए पनि जोगाउन मुस्किल परेको बताउनुभयो। अन्न खान आएको बाँदरलाई धपाउँदा उल्टै मान्छेतिर जाइलाग्ने र आक्रमण गर्ने गरेको उहाँले सुनाउनुभयो। भट्टराईले भन्नुभयो, "बाँदरले बाली मात्र नभएर मानिसलाई आक्रमण गर्न थाल्यो, अब बाँदर नियन्त्रण गर्न सकिएन भने गाउँ सबै खाली हुने अवस्था आयो। सरकारले अब भरुवा बन्दुक राख्न नदिने हो भने अवस्था थप जटिल हुँदै जाने निश्चित छ।" उहाँले अब बाली जोगाउने कि मान्छे ? भन्ने अवस्थामा पुगेको बताउनुभयो।

सामुदायिक वन महासङ्घ तानसेन नगरकी अध्यक्ष भवानी गौतमले बाँदर नियन्त्रण चुनौतीका रूपमा रहेकाले नियन्त्रण गर्न ऐन, नियम बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले महासङ्घकोतर्फबाट सरकारलाई पटकपटक यस विषयमा ध्यानाकर्षण गराउँदै आइएको बताउनुभयो। प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले मानिसले बाँदर हैन, बाँदरले मानिस धपाउन थालेका बताउनुभयो। उहाँले जिल्लामा बाँदरका कारण देखापरेका समस्या र ग्रामीण क्षेत्रका जनताले पाएको सास्तीका विषयमा सरोकार भएका निकायसँग छलफल गरी समाधान खोजिने उल्लेख गर्नुभयो।

प्रजिअ सुवेदीले भन्नुभयो, "बाँदर आतङ्कले गर्दा समस्या आएको छ। अहिले मान्छेले बाँदर धपाउनेभन्दा पनि बाँदरको बथानले घर घेरेपछि, मान्छे घर छोडेर बाहिर बस्नुपर्ने अवस्था आएको छ।" उहाँले गाउँगाउँबाट बाँदरले दुःख दिएको भन्दै गुनासो आउने गरेको उहाँले सुनाउनुभयो। "मलाई गत साता एउटा फोन आयो, हाम्रो टोलका घरमा बाँदरको हुल पस्यो, हामी घर छोडेर बाहिर नजिकैको बारीमा बसिरहेका छौँ, तुरुन्तै सुरक्षा दिनुपर्ने भो, अनि मैले तत्काल प्रहरी पठाए र बाँदर भाँगे", प्रजिअ सुवेदीले भन्नुभयो, "अहिले बाँदरले दिएको सास्तीले मानिसलाई घर छोडेर भाग्नुपर्ने अवस्था आएको छ।"

डिभिजन वन प्रमुख नारायणदेव भट्टराईले सरकारले कृषि हानिकारक वन्यजन्तु घोषणा गरेकाले अब खेतबारीबाट लखेट्दा रातो बाँदर र बँदेल मरे किसानलाई कानुनी कारबाही नहुने बताउनुभयो।

"लगाएको बालीमा क्षति गरिदिने हुनाले बाँदर र बँदेललाई कृषि हानिकारक जीव घोषणा गरिएको हो", भट्टराईले भन्नुभयो, "खेतबारीमा आएका बेला लखेट्ने क्रममा बाँदर वा बँदेल मरिहाल्यो भने अब किसानलाई कानुन लाग्दैन।" बाँदरले बालीनाली वा धनजनको हानिनोक्सानी पुऱ्याए किसानले एक्लै वा सामूहिक रूपमा धपाउन, लखेट्न वा पक्रनसक्ने उहाँले बताउनुभयो।

बाँदर वा बँदेल धपाउने, लेखेट्ने वा पक्रने क्रममा मरे सम्बन्धित वडा कार्यालयमा जानकारी दिनुपर्ने भट्टराईले बताउनुभयो।

मरेको बँदेल तौलका आधारमा पञ्चकीर्ति मूल्य तोकी उक्त रकम राजस्वमा दाखिला गरेर सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाभित्र व्यापारिक प्रयोजनबाहेकमा उपयोग गर्न सकिने उहाँले जानकारी दिनुभयो। रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु। कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मंगलबारका लागि कृषि उपजको थोक मूल्य निर्धारण गरेको छ। समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभेँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु २५, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु ३०, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (मुढे) प्रतिकिलो रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ४०, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ४०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २५, भन्टा लाम्चो प्रतिकिलो रु ३५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु १२० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ७०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ६०, परबर (लोकल) प्रतिकिलो रु ८०, परबर (तराई) प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ६०, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३५, सलगम प्रतिकिलो रु ६० तथा भिण्डी प्रतिकिलो रु १२० कायम गरिएको छ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ८०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ७०, प्याज हरियो प्रतिकिलो रु ५०, बकुला प्रतिकिलो रु ६०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १८०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५० तथा कुरिलो प्रतिकिलो रु ७०० निर्धारण गरिएको छ।

निगुरो प्रतिकेजी रु १२०, ब्रोकाउली प्रतिकिलो रु ५०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु २००, कोइरालो प्रतिकिलो रु १७०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ६०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ६०, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुकको मूल्य प्रतिकिलो रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २७०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १३०, तरबुजा हरियो प्रतिकिलो रु ८०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १८०, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु १००, निबुवा प्रतिकिलो रु ६०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १३०, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु ९० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ७०, सुर्खानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु १००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ६०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १७०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ।रासस

# लौका बेचर मासिक ४० हजार आम्दानी

मङ्गलबारे। जिल्लाको चुलाचुली गाउँपालिका-२ की हिमादेवी भण्डारीले लौका बेचर मासिक रु ४० हजार आम्दानी गर्दै आउनुभएको छ। कृषि पेसाबाट केही हुँदैन भन्नेका लागि उहाँ परिवार र समाज समृद्ध बन्नसक्ने उदाहरणीय पात्र बन्नुभएको छ।

भण्डारी बिहान सबेरैदेखि तरकारी बारीमा भेटिनुहुन्छ। दिउँसो उत्पादित वस्तु बजार लैजाने, बेच्ने र बेलुका पुनः करेसाबारीमा खटिने उहाँको दैनिकी हो। सिजनमा मात्रै तरकारी र फलफूल उत्पादन हुने बताउँदै उहाँले बेमौसमी तरकारीखेती गर्नसके मनग्ये आम्दानी गर्न सकिने धारणा राख्नुभयो।भण्डारीले १० बिघा जमिनमा विभिन्न कृषिउपजको खेती गरेको बताउनुभयो। "अहिले हरियो मकै खानेबेला भएको छ, विभिन्न तरकारी पनि छन्। आफ्नो छ कट्ठा मात्र जमिन छ।बाँकी भाडामा लिएर खेती गरिरहेका छौँ", उहाँले भन्नुभयो।



बारीमा अधिकांश समय लौका हुने उहाँको भनाइ छ। गत असोजदेखि उत्पादन सुरु भएको लौका अहिलेसम्म बिक्री भइरहेको छ। सुरुमा प्रतिलौका रु १७० बिक्री जनाउँदै उहाँले अहिले भने रु ५० मा बिक्री हुने बताउनुभयो।उहाँले उत्पादित कृषिउपज झापाको दमकमा लगेर बिक्री गर्नुहुन्छ। करिब सात किलोमिटरमा पर्ने यो बजारमा उहाँ दैनिकजसो जाने गर्नुहुन्छ। भण्डारीले मासिक रु ४० हजार बढी लौकाबाट आम्दानी हुने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "लौका बेचेर छोरा बुहारीलाई जापान पठाएँ। दैनिक घरव्यवहार चलाउन समस्या छैन।" छोरा बुहारीलाई जापान पठाउन लिएको ऋण रु १५ लाख तिरिसक्न लागेको उहाँले उल्लेख गर्नुभयो। लौकाबाहेक स्थानीय कुरिलो, बोडी, मुन्टा, अन्य तरकारी र मेवा उत्पादन भइरहेको भण्डारीले बताउनुभयो। घरमा दही जमाएर मोही र नौनी घिउ पनि बिक्री गर्ने गरेको बताउँदै उहाँले आफ्नो उत्पादनसँगै गाउँमा उत्पादित वस्तु पनि उहाँले बजार लगेर बिक्री गर्नुहुन्छ।"दही, मोही बेचेको देखेर कतिपयले दहीवाली दिदी पनि भन्छन्।

कर्मले दहीवाली दिदीसमेत बनाएको छ। यो नामले बोउँदा झन खुसी लाग्छ", भण्डारीले भन्नुभयो। उहाँका श्रीमान् भुपूप्रहरी हुनुहुन्छ। श्रीमान्ले उत्पादित वस्तु चुलाचुलीको गाउँमा लैजाने गर्नुभएको भण्डारीको भनाइ छ। "बस्ती बाक्लो भएका ठाउँमा डुलाउन पर्दैन। डुलाएर बेच्दा भने मूल्य महँगो पर्दछ", उहाँले भन्नुभयो।भण्डारीले १७ वर्षअघिदेखि यो पेसालाई निरन्तर दिँदै अहिले व्यावसायिक तरकारीखेतीमा संलग्न भएको बताउनुभयो। हालै स्थानीय निकायबाट अनुदानका कार्यक्रममा सहभागी भएको उहाँले जानकारी दिनुभयो।

दीपज्योति कृषि फार्म सञ्चालन गर्नुभएकी भण्डारीले मौसमीभन्दा बेमौसमी तरकारीखेतीले प्रशस्त आम्दानी हुने अनुभव सुनाउनुभयो। कृषिमा अर्ग्यानिक उत्पादनमा गर्नुपर्नेमा जोड दिँदै उहाँले घर भएका गाई र बाख्राको मल प्रयोग गर्ने गरेको जानकारी दिनुभयो। आफूले १० जनालाई रोजगारी दिएको जनाउँदै भण्डारीले कतिपयलाई घण्टाका आधारमा र कतिपयलाई दैनिक ज्यालादारीमा कामदार राखेको बताउनुभयो।रासस


## श्री गुठी संस्थान
### शाखा कार्यालय, जनकपुरधाम
## सूचना सच्याइएको सम्बन्धमा

प्रकाशित मिति: २०८१/१२/१३

गुठी संस्थान अन्तर्गतको मिति २०८१/१२/१२ गतेमा प्रकाशित सूचनामा पोखरी ठेक्का सम्बन्धी बोलपत्र आह्वान गरिएको १५ (पन्ध्र) दिने हुनुपर्नेमा ३० (तीस) दिने भएकोले सोही अनुरुप सच्याइएको व्यहोरा सबैमा जानकारी गरिन्छ।

**श्री गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम, धनुषा।**

**सम्पर्क टेलिफोन नं. ०४१-५९०२८१**



## भाखा नाघेको कर्जा बुझाउने बारे श्री कृषि विकास बैंक लि.उपशाखा कार्यालय, बलवाको २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपरगरिने व्यहोरा समेत जानकारी गराउँदछौ। साँथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचना द्धारा जानकारि गराईएको छ।

**कार्यालयको नामः श्री कृषि विकास बैंक लि. शाखा कार्यालय बलवा** **मिति २०८१।१२।१० गते सम्मको ब्याज वाकी**

| क्र. सं. | ग्राहक नं. | ऋणीको नाम | ठेगाना | बाबु/पतीको नाम | बाजे/ससुराको नाम | मिसिल नं. | उदेशय | सावां | भा. ना. ब्याज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९५५८४९ | जय लाल सहनी | मनरासिस्वा ७, झिगास्थान | महन्थ सहनी | गर्भु सहनी | ५४०३ | सरल कृषि कर्जा | ३५०००० | ८०४७२।३४ |
| २ | १९९५०१२ | राम पदार्थ मण्डल धानुक | महोतरी ५,गोरिगमा | रामेश्वर मण्डल धानुक | सिहेश्वर मण्डल | ५७५९ | सरल कृषि कर्जा | ९५०००० | १३०७३३।०१ |
| ३ | ९५५६१८ | बिपिन कुमार साह | बलवा २ | टुनाइ साह | असर्फि साह | ४५०७ | सरल कृषि कर्जा | ७००००० | १२९३०७।८४ |
| ४ | ९५६२७३ | राम चन्द्र ठाकुर | मनरासिस्वा ६,सरपल्लो | राछी ठाकुर | बुधन ठाकुर | ५७४७ | सरल कृषि कर्जा | ७००००० | १०८१६९।०८ |
| ५ | १९८४५८८ | बेचन महतो | महोतरी ५,हरि | राम खेलवान महतो कोइरी | महेश महतो कोईरी | ५७४५ | सरल कृषि कर्जा | ६००००० | ११८९७२।६२ |
| ६ | ९५५५६४ | नबल किशोर राय | सिस्वा कटैया ७ | राम यादव राय | गिखल राय | ५४३६ | घरायसी कर्जा | ३००००० | ६७२४१।७८ |
| ७ | १३००३५३ | आशा हार्डवेयर प्रो.आशा देवी झा | बलवा ६ | जय कुमार झा | राम अशिश झा | ५५२५ | ब्यापार कर्जा | १८०००० | २३७६३४।४३ |
| ८ | ९५५७०२ | रामकली देवी | रामगोपालपूर १ | बेचन मंडल | जनक मंडल | ५१६४ | सरल कृषि कर्जा | १५०००० | १९२८७।४४ |
| ९ | ९५५६७८ | गणेश कान्त झा | बनौटा ५ | झिगूर झा | लक्ष्मण झा | ५०७४ | घरायसी कर्जा | २५०००० | १०६०८।९१ |
| १० | १७२९७५७ | भारती देवी झा | बलवा ४ | द्रबेश झा | चन्द्र किशोर झा | ५६०७ | सरल कृषि कर्जा | ७५०००० | १२२५१।८३ |
| ११ | ९५५९३८ | अमर कान्त झा | बनौटा ७ | महेन्द्र झा | दिगम्वर झा | ५५०१ | घरायसी कर्जा | ५००००० | १२०८१६।१४ |
| १२ | ९५५९२७ | सविता झा | एकडारा ४ | श्याम नारायण झा | कपलेश्वर झा | ५४९० | घरायसी कर्जा | ८००००० | १३२८४६।३३ |
| १३ | ९५५५९५ | जगदेव सहनी | बनौटा ९ | सिताराम सहनी | प्रसाद सहनी | ४००५ | सरल कृषि कर्जा | ५००००० | ७३६६५।०४ |
| १४ | १३१४३७८ | बिष्णु हार्डवेयर प्रो. सुनिल कुमार महतो | मनरासिस्वा ६,सरपल्लो | निरंजन महतो | सोन्फी महतो | ५२०४ | ब्यापार कर्जा | १४००००० | १६९१३२।६४ |
| १५ | १९४१७४७ | यगल किशोर झा | मनरासिस्वा ४,साढा | जोगिन्द्र झा | फौदार झा | ५७०५ | सरल कृषि कर्जा | ४४०००० | ७२५९५।७४ |
| १६ | १८३६०५६ | नन्द किशोर सिह | मनरा सिस्वा कटी २ | अम्विका सिह | चन्द्रदेव सिह | ५६७२ | सरल कृषि कर्जा | ९००००० | २४०३८७।३८ |
| १७ | १९८४०८३ | विनोद कोल्ड एण्ड जेनरल स्टोस् प्रो.बिनोद साह सोनार | बलवा २ | राम चन्द्र साह सोनार | महावीर साह | ५७४१ | ब्यापार कर्जा | ३००००० | ७०८३५।०३ |
| १८ | १७८५८३५ | पशुपंक्षी बिक्री मत्सय फार्म( प्रा राम श्रेष्ठ सहनी). | मनरा सिस्वा ४ | राम सेवक सहनी | राम सुनर सहनी | ५६८५ | स.कर्जा | १७००००० | ३३३१९९।५३ |
| १९ | १६३११०३ | ज्ञान कुमार झा | बलवा ६ | राम अषिस झा | सत्यदेव झा | ५५९६ | सरल कृषि कर्जा | ५००००० | २१२७२०।४३ |
| २० | १८४५९८० | मनोज कुमार झा | मनरासिस्वा ४,साढा | नवोनाथ झा | चन्द्र शेखर झा | ५६७१ | सरल कृषि कर्जा | ५००००० | १४२२७६।५८ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश कार्यालय जनकपुर

# 'छोरी शिक्षा बीमा' कार्यक्रमका लागि न्यूनतम प्रिमियम प्रस्ताव माग

**टुडे समाचारदाता**

जनकपुरधाम । 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत संचालित छोरी शिक्षा बीमा कार्यक्रमका लागि बैंक तथा बीमा कम्पनीहरूलाई प्रिमियम दर र अन्य सुविधा प्रस्ताव गर्न शिक्षा तथा संस्कृति मन्त्रालयको शिक्षा विकास निर्देशनालयले आह्वान गरेको छ।




कार्यक्रमले प्रदेशभित्रका छोरीहरूको भविष्यलाई आर्थिक सुरक्षा प्रदान गर्दै उनीहरूको शिक्षामा थप प्रोत्साहन पुर्याउने उद्देश्य राखेको जनाइएको छ।

निर्देशनालयले २०७८ माघ १ पछि जन्मिएका र १ वर्षभित्र कार्यक्रमका लागि आवश्यक प्रक्रिया पूरा गरेका छोरीहरूको शिक्षा बीमाका लागि बीमा कम्पनीहरू वा 'क' वर्गका वाणिज्य बैंकहरूलाई प्रस्ताव पेश गर्न भनेको छ । यस प्रस्ताव अनुसार छोरी २० वर्षको उमेर पुगेपछि एकमुष्ट ३ लाख रुपैयाँ भुक्तानी गरिने छ। प्रस्ताव पेश गर्ने बैंक वा बीमा कम्पनीहरूले १५ दिनभित्र न्यूनतम प्रिमियम दरसहित आफ्नो प्रस्ताव निर्देशनालयमा पेश गर्नुपर्ने छ।

'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानका माध्यमबाट मधेश प्रदेशले छोरीहरूको आर्थिक सुरक्षामा ध्यान दिनुका साथै उनीहरूको शिक्षा सुनिश्चित गर्न पहल गरिरहेको छ । शिक्षा बीमा कार्यक्रमले छोरीहरूलाई २० वर्षको उमेरमा आर्थिक रूपमा सक्षम बनाउन र उनीहरूको उच्च शिक्षामा सहयोग पुर्याउने उद्देश्य राखेको छ।

सो कार्यक्रमले मधेश प्रदेशका नागरिकलाई शिक्षाको महत्त्वका बारेमा सचेत गराउँदै छोरीहरूको भविष्य सुरक्षित बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको शिक्षा तथा संस्कृति मन्त्रालयले जनाएको छ।

प्रस्ताव पेश गर्न इच्छुक बैंक वा बीमा कम्पनीहरूले केही प्रमुख शर्तहरू पूरा गर्नुपर्ने छ। निर्देशनालयले जारी गरेको सूचनामा स्वीकृत प्रस्ताव अनुसार निर्देशनालयले छोरीको नाममा खाता खोली एकमुष्ट रकम बैंकमा जम्मा गर्ने उल्लेख छ। बैंक वा बीमा कम्पनीले २० वर्ष पुगेपछि सो रकम छोरीलाई भुक्तानी गर्नुपर्ने छ।

प्रस्ताव स्वीकृत भएपछि पहिलो सम्झौता दुई वर्षका लागि गरिने छ । सम्झौतासँगै बीमा गरिएका छोरीहरूको नाममा खाता खोली रकम जम्मा गरी सोको निस्सा अभिभावकलाई दिइने छ। सबैभन्दा न्यूनतम प्रिमियम प्रस्ताव र थप सुविधा प्रस्ताव गर्ने संस्थालाई सेवा प्रदायकका रूपमा छनोट गरिने छ।

'छोरी शिक्षा बीमा' कार्यक्रमको सफल कार्यान्वयनले मधेश प्रदेशमा बालिकाहरूको शिक्षामा थप उत्साह ल्याउने र उनीहरूको भविष्यलाई सुनिश्चित गर्ने योजना छ । शिक्षा बीमा कार्यक्रमले प्रदेशभर छोरीहरूको जीवनमा दीर्घकालीन लाभ पुऱ्याउन सहयोग हुने जनाइएको छ।

# मुख्यमन्त्रीको शरणमा दलित परिवार

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको औरही गाउँपालिका- ५ मा महायज्ञ गर्ने भन्दै एक दलित परिवारको पालिकाले घर भत्काएपछि दीपक मलिक अहिले न्याय खोज्दै मुख्यमन्त्री सतीशकुमार सिंह समक्ष पुगेका छन्।



आफू असुरक्षित रहेको भन्दै सुरक्षाको मागसहित पीडित दीपक मलिक मुख्यमन्त्री सिंहलाई भेटेका हुन्।

दलितका अगुवासहित मलिक जनकपुरधाममा मंगलबार मुख्यमन्त्री निवास पुगेका थिए । त्यसक्रममा उनले आफ्नो परिवारमाथि ज्यादती गर्ने गाउँपालिका अध्यक्ष शिवजी यादव, पूर्ववडाध्यक्ष दिलीप यादव र बजरंगी बाबामाथि कानुनी कारवाही अघि बढेपछि आफूहरुमाथि निकै दबाब आएको र डरत्रास धाकधम्की पनि आउन थालेपछि आफूहरु असुरक्षित बनेको सुनाए।

आफूलाई गाउँपालिका अध्यक्षका आफन्तहरुले अदालतमा गएर बयान फेर्न र मिलापत्र गर्न दबाब तथा धाकधम्की दिइरहेको भन्दै आफू लुकेर बस्न बाध्य भएको र आफूमाथि जतिखेर जे पनि हुनसक्ने गुनासा गरेका थिए । सबै कुरा थाहा हुँदाहुँदै पनि प्रहरीले आफ्नो परिवारको सुरक्षाको विषयलाई गम्भीरतापूर्वक नलिएको उनले गुनासो गरे।

पीडित मलिकले आफ्नो घर भत्काइएपछि अहिले आफूहरूसँग बस्ने लायक घरसमेत नभएकोले घरको व्यवस्था गरिदिन पनि उनले मुख्यमन्त्री सिंहसँग माग गरेका छन्। मुख्यमन्त्री सिंहले भने मल्लिकलाई आफूले सुरक्षा र घरका विषयमा पहल गर्ने आश्वासन दिएका छन्।

औरहीमा आउँदो चैत १७ गतेदेखि हुने भनिएको महायज्ञका नाममा फागुन १० मा अछुत भन्दै महायज्ञस्थलमा रहेको मल्लिकको घर गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरंगी बाबाले डोजर लगाएर भत्काइदिएका थिए।

यस घटनामा पीडित मलिकले जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी कसुरमा तीनै जनाविरुद्ध शनिबार जिल्ला प्रहरी कार्यालय, सिरहामा जाहेरी दर्ता गराएका छन् । जातीय छुवाछूत गरेको, घर तोडफोड गरी विस्थापन गरेको भन्दै प्रतिवादीहरूलाई कानुन बमोजिम कारबाही हुनुपर्ने र पीडितलाई क्षतिपूर्ति दिइनुपर्ने माग दाबी गरेका छन्।

सो घटनामा गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्ष गत शुक्रबार नै पक्राउ परिसकेका छन्। उनीहरु जिल्ला प्रहरी कार्यालय, सिरहाको हिरासतमा छन्। भने अन्यको खोजी भइरहेको जनाइएको छ।

# मुसहरनियामा आगलागी, लाखौँको क्षति



**टुडे समाचारदाता**

राजविराज। सप्तरीको राजविराज नगरपालिका-१५ स्थित मुसहरनियामा सोमबार साँझ भएको आगलागीमा करिब तीन लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

स्थानीय सत्रुधन मण्डलको गोठमा लामखुट्टे र भुसुनो धपाउन बालिएको घुरबाट अचानक आगो लाग्दा एउटा गोठसहित घर जलेर पूर्ण रूपमा नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगलागीबाट अन्न, लत्ताकपडा, भाँडाकुँडा, फर्निचर तथा काठपात जलेर ठूलो क्षति भएको छ। स्थानीय बासिन्दा, प्रहरी र दमकलको सहयोगमा आगो एक घण्टापछि नियन्त्रणमा ल्याइएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जानकारी दिएको छ।

# 'प्रहरी–पत्रकार' ग्याङ्गबाट कुटिए वडाअध्यक्ष बिरुद्ध नै पक्राउ पुर्जी

**अनिल तिवारी**

वीरगञ्ज । ग्याङबाट कुटिएका वडाअध्यक्षको विरुद्ध नै पक्राउ पुर्जी जारी भएको छ । वीरगञ्जमा प्रहरी, पत्रकार, जनप्रतिनिधिलगायतको ' ग्याङ'बाट कुटिएका वडाध्यक्षविरुद्ध पनि सोमबार पक्राउ पुर्जी जारी भएको छ । जिल्ला अदालत पर्साले वीरगञ्ज महानरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी माथि पक्राउ पुर्जी दिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।




वडाध्यक्ष चतुर्वेदीलाई कुट्नेहरुले उनीविरुद्ध सरकारी वकिलको कार्यालय पर्सामा दिएको निवेदन आधारमा कुटिएका वडा अध्यक्ष बिरुद्ध पक्राउ पुर्जी जारी भएको छ । मंगलबार जिल्ला अदालत पर्साले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको पर्सा प्रहरी प्रमुख एसपी गौतम मिश्रले बताए। 'सरकारी वकिलको निवेदनका आधारमा उनीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको छ। अब दुवै पक्षलाई पक्राउ गरेरसँगै घटनाको अनुसन्धान अघि बढाउने एसपी मिश्रले बताए।

वडाध्यक्ष चतुर्वेदी माथि कुटपिट प्रकरणमा गत १० गते प्रहरीले ७ जना विरुद्ध अदालतबाट पक्राउ पुर्जी लिएको थियो । वडाध्यक्षको ज्यान मार्ने उद्योगको जाहेरी पश्चात उनीहरुविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो । सो पक्राउ पुर्जी जारी भएपछि आरोपित पक्षले सरकारी वकिल मार्फत कुटिएका वडाध्यक्ष विरुद्ध नै जाहेरी दर्ता गराएका हुन्।

वडाध्यक्ष कुटिएको विषयमा आइतबार नेपाल प्रहरीका वरिष्ठ सई सागर शमशेर जबरा, विपद व्यवस्थापन केन्द्रमा कार्यरत प्रहरी जवान दिपेश क्षेत्री, वीरगञ्ज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानु, भुषण यादव, माइस्थान पुल हाउसका सञ्चालक विक्की गुप्ता, नगवाका भुसाल चौरसिया र घडिअर्वाका लखन गुप्ताविरुद्ध पक्राउ पुर्जी जारी भएको थियो। उनीहरुमध्ये नगवाका भुसाल चौरसिया पक्राउ परेका छन् भने अन्य फरार छन्।

उनीहरु ७ जनाले फागुन २९ गते राति होलीका दिन मदिराको तालमा वडाध्यक्ष चतुर्वेदी माथि आक्रमण गरेका थिए। वीरगञ्ज महानगरपालिका-८ स्थित डाइमण्ड पार्टी प्यालेसमा वडाध्यक्ष चतुर्वेदीमाथि आक्रमण भएको सिसिटिभी भिडियो सार्वजनिक भएपछि प्रहरी जाहेरी दर्ता गर्न बाध्य भएको थियो।

# मोतिहारी प्रहरीद्वारा अढाई करोड स्मैक



**सञ्जय मिश्र**

रौतहट । नेपालको रौतहट, बारा र पर्सासंग भारतको सीमानाका जोडिएको भारतको बिहार पूर्वी चम्पारण जिल्लाको सदरमुकाम मोतिहारी प्रहरीले अढाई करोड नेपाली रुपैयाँ मूल्य बराबरको लागूऔषध स्मैक बरामद गरेको छ।

बिहारमा मदिरा उत्पादन बिक्री वितरण तथा सेवनमाथि सरकारले पूर्ण रुपमा प्रतिबन्ध लगाएपछि पूर्वी चम्पारण जिल्लामा लागूऔषधको कारोबार बढेसंगै नियन्त्रणको लागि प्रहरीले सक्रियता देखाएको छ।

स्थानीय नकरदेइ थाना क्षेत्र अन्तर्गत सोमबार प्रहरीले सात किलोभन्दा बढी लागूऔषध स्मैक बरामद गरेको छ, जसको अन्तर ष्ट्रीय बाजारमा लगभग नेपाली अढाई करोड रुपैयाँ मूल्य भएको मोतिहारी जिल्ला प्रहरी प्रमुख एसपी सुवर्ण प्रभातले बताएका छन्।

आईपिएस अफिसर एसपी प्रभातले स्मैक तस्करीमा संलग्न चार जना तस्करको पहिचान भएको दाबी गरेका छन्। ती तस्करको खोजी भइरहेको बताएका छन्।

बरामद लागूऔषध स्मैक नेपालको बाटो हुँदै भारतमा ल्याएको प्रहरीको भनाइ छ।

प्राप्त जानकारी अनुसार नकरदेई प्रहरीले ठूलो परिमाणको लागूऔषध आइरहेको सूचनाको आधारमा प्रहरी दण्डाधिकारी सह अदापुर अंचलाधिकारी अनामिका सिंहको उपस्थितिमा सर्च अभियान चलाएको थियो।

सर्च अभियानको क्रममा सिर सिया मालगांव स्थित एकजना ड्रग माफियाको ठेगानामा छापामारी गरिएको थियो । सो क्रममा गाउँ छेउ एउटा खाल्डोमा बोराभित्र राखिएको लागूऔषध स्मैक बरामद गरिएको हो। सानो सानो प्लास्टिकको पुडियामा राखिएको थियो । जाँच गर्दा लागूऔषध स्मैक रहेको तथा त्यसको तौल साढे सात किलोग्राम रहेको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोतिहारीले जनाएको छ। तस्करहरु भने फरार भएको प्रहरीले जनाएको छ।

पछिल्लो समय बिहारमा लागूऔषधको कारोबार बढ्दै गएको देखिएको छ । बिहारमा मदिराजन्य पदार्थ उत्पादन, बिक्री बितरण, सेवन माथि प्रतिबन्ध लगाइए पछि लागूऔषधको कारोबार बढेको जानकारहरूको अनुमान रहेको छ । मुख्यमन्त्री नीतीश कुमारको सरकारले बिहारमा सन २०१६ देखि मदिरा प्रतिबन्ध लगाउने कानुन लागू भएको थियो । मोतीहारी जिल्लामा प्रहरी प्रमुखको रूपमा आईपीएस अफिसर एसपी सुवर्ण प्रभातले कमाण्ड सम्हाले देखि गैरकानुनी क्रियाकलाप माथि प्रहरीले अंकुश लगाएको छ । खुला सिमानाको फाइदा उठाउँदै लागूऔषध, गाँजा, अफिम, चरेस, स्मैक, मदिरालगायतका सामान तस्करहरुले भित्र्याउने गरेका छन्।

# कारागारमा एक कैदीको मृत्यु




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजस्थित कारागारमा एक जना कैदीको मृत्यु भएको छ।

कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योगको आरोपमा पुर्पक्षका लागि राजविराज कारागारमा विगत ५ महिना देखि बन्दी जिवन विताइरहेका एक कैदीको मृत्यू भएको छ । राजविराज नगरपालिका वडा नम्बर १ चनौरा पडरियाका ५३ बर्षीय तजमुल मियाँको मंगलबार उपचारको क्रममा मृत्यू भएको जनाइएको छ।

कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग मुद्दामा उनी सप्तरी जिल्ला अदालतमा आफै उपस्थित भएपछि २०८१ कार्तिक ११ गते पुर्पक्षका लागि कारागार चलान भएका थिए। सोमबार राति १० बजेतिर अचानक विरामी परेका उनलाई स्थानिय गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना गराईएको थियो । तर स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि रेफर गरिएका उनको धरान स्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मंगलबार बिहान ८ बजेतिर उपचारकै क्रममा उनको मृत्यू भएको जेलर प्रवीण कुमार अधिकारीले जनाए।

जेलर अधिकारीका अनुसार उनी मधुमेह र उच्च रक्तचापका विरामी थिए।

मृतको शवको मंगलबार नै पोष्टमार्टम गरी आफन्तलाई जिम्मा लगाइएको सप्तरी प्रहरीले जनाएको छ। चार महिना अघि किर्ते जालसाज मुद्दामा पुर्पक्षका लागि सोही कारागारमा बन्दी जिवन विताइरहेका सप्तरीको शम्भुनाथ नगरपालिकाका ५९ वर्षीय रामप्रकाश शरण चौधरी उपचारका लागि विराटनगर स्थित नोवेल अस्पतालमा भर्ना थिए । उनको उपचारकै क्रममा मृत्यु भएको थियो।

# बोराभित्र शव फेला

**टुडे समाचारदाता**

लहान। सिरहामा गाडिएको अवस्थामा बोराभित्र एक शव फेला परेको छ।



सिरहाको गोलबजार नगरपालिका-९ गोविन्दपुरस्थित घुर्मी खोलाको किनारमा बोराभित्र शव फेला परेको परेको छ।

सिरहा प्रहरी घटनास्थलमा पुगेर अहिले शव उठाउने काम गरिरहेको छ । अहिले आफूहरू घटनास्थलमै रहेको र शव उठाउने काम गरिरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डीएसपी पञ्चकुमार बाखुले बताएका छन्।

सिरहा प्रहरीले जनाए अनुसार शवको कसको हो भन्ने कुरा अहिले यकिन भने हुन सकेको छैन । तर सोही गाउँकी १३ वर्षीया बालिका गुल्सना खातुन गत फागुन २९ गतेदेखि हराएकी थिइन्।

गाउँकै सामुदायिक विद्यालयमा कक्षा ४ मा अध्ययनरत्त बालिका खातुन बिहान ९ बजे घरबाट निस्केकी थिइन्। तर फर्केर नआएपछि आमा जाहेदा खातुनले चैत १ गते मा प्रहरीमा निवेदन दिएकी थिइन् । मंगलबार भेटिएको शव उनकै हुनसक्ने आशंका स्थानीयवासीको छ । तर डीएसपी बाखुले भने शव कुहिएको अवस्थामा भेटिएकोले पहिचान गर्न अप्ठ्यारो भएको र अनुसन्धान भइरहेको जनाइएको छ।

# बलात्कारका अभियुक्तको हाजिरी जमानी लिने महतो पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। बलात्कार घटनाका अभियुक्त फरार रहेका बेला उनको ठाउँमा इन्द्रदेव महतोले जमानी लिन पुगेपछि प्रहरीले उनलाई पक्राउ गरेको छ।

सर्लाहीको हरिवन नगरपालिका-१ स्थित भोक्टेनीमा एक ४५ वर्षीय महिला आफ्नै छिमेकीबाट बलात्कृत भएको घटनामा संलग्न व्यक्ति अझै फरार रहेका बेला प्रहरीले अभियुक्तको हाजिरी जमानी लिने इन्द्रदेव महतोलाई पक्राउ गरेको छ।

पीडित महिलाले जनाए अनुसार फागुन २१ गते राति स्थानीय जिवछ महतो कोइरीले घरमा कोही नभएको मौका छोपी जबरजस्ती करणी गरेका थिए । घटनाको अर्को दिन फागुन २२ गते पीडितले इलाका प्रहरी कार्यालय हरिवनमा लिखित उजुरी दिएकी थिइन् । प्रहरीले प्रारम्भिक अनुसन्धान अघि बढाउँदै सोही दिन अभियुक्त जिवछ महतोलाई नियन्त्रणमा लिएको थियो।



तर घटनाको एक दिनअघि अर्थात् फागुन २० गते अभियुक्त जिवछ महतोकी आमाको निधन भएको कारण देखाउँदै हरिवन-४ स्थित सासापुरका इन्द्रदेव महतोले काज किरिया सम्पन्न भएपछि पुनः उपस्थित गराउने सर्तमा अभियुक्तलाई हाजिरी जमानीमा छुटाएका थिए। तर काज किरिया सम्पन्न भए पनि जिवछ महतो प्रहरी समक्ष हाजिर नभइ फरार भए।

यसपछि पीडित महिलाले चैत्र ४ गते औपचारिक रूपमा जाहेरी दर्ता गराएकी थिइन् । अभियुक्त फरार भएपछि घटनालाई ढाकछोप गर्ने प्रयास भइरहेको पीडित परिवारले आरोप लगाएको छ । केही स्थानीय नेताहरूले पीडित पक्षलाई १५ लाख रुपैयाँको सेटिङ मिलाइदिने भन्दै प्रलोभन दिने प्रयास गरेको पनि आरोप लागेको छ।

यसैबीच सोमबार प्रहरीले अभियुक्तको हाजिरी जमानी लिने इन्द्रदेव महतोलाई पक्राउ गरेको छ । पीडित परिवारले घटनाको न्यायिक छानबिन गरी मुख्य अभियुक्तलाई चाँडो पक्राउ गर्न माग गरेका छन् । सर्लाही प्रहरीले पनि अभियुक्तको खोजी तीव्र रुपमा गरिरहेको जनाएको छ।

## सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरुको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो।

सहकारी सिद्धान्तको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८